विद्युत नियमन आयोग

सानो गौचरण, काठमाडौँ

वार्षिक प्रतिवेदन
आर्थिक वर्ष
२०८१/०८२

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय समक्ष पेश गरिएको

आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन

(यस प्रतिवेदनमा मिति २०८१ श्रावण १ गतेदेखि मिति २०८२ आषाढ मसान्तसम्म गरिएका काम कारबाहीहरु, भावी कार्ययोजनाहरु तथा विद्युत् क्षेत्रको सुधार संग सम्बन्धित नीतिगत सुझावहरु समावेश गरिएका छन्)

आश्विन, २०८२

विद्युत् नियमन आयोग

सानो गौचरण, काठमाण्डौ

फोन नम्बर: +९७७-०१-४५२२४४२, ४५३९००४, ४५४३३९० फ्याक्स नम्बर: +९७७-०१-४५३२५८२

वेबसाइट: www.erc.gov.np इमेल: info@erc.gov.np

विषयसूची

विद्युत् नियमन आयोगका पदाधिकारीहरू........ ५

अध्यक्षको मन्तव्य........ ६

कार्यकारी सारांश........ १०

१ परिचय : विद्युत् नियमन आयोग........ १०

१.१ आयोगको कार्यक्षेत्र........ १२

१.१.१ प्राविधिक व्यवस्थापन गर्ने........ १२

१.१.२ महसुल निर्धारण गर्ने तथा विद्युत् खरिद बिक्रीको नियमन गर्ने........ १२

१.१.३ प्रतिस्पर्धा कायम गर्ने तथा उपभोक्ताको हित संरक्षण गर्ने........ १३

१.१.४ सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने........ १३

१.१.५ नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने........ १४

१.१.६ जाँचबुझ तथा निरीक्षण गर्ने........ १४

१.१.७ विवाद समाधान गर्ने........ १४

१.२ आयोगको सङ्गठनात्मक संरचना........ १४

१.२.१ नियमन, सुपरिवेक्षण, बाह्य सम्बन्ध तथा प्राविधिक विभाग........ १५

१.२.२ आर्थिक विश्लेषण, महसुल दर तथा उपभोक्ता हित संरक्षण विभाग........ १५

१.२.३ अन्य शाखाहरू........ १५

१.३ आयोगमा कार्यरत कर्मचारीहरूको विवरण........ १५

१.४ आयोगको पछिल्लो आर्थिक वर्षको मूल्याङ्कन........ १५

१.४.१ आयोगको सबल पक्ष........ १५

१.४.२ आयोगका सुधार्य पक्षहरु........ १७

१.५ आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम........ १८

२ नेपालको विद्युत् क्षेत्र........ २०

२.१ उत्पादन........ २०

२.२ प्रसारण........ २१

२.३ प्रणाली सञ्चालन........ २३

२.४ वितरण तथा खपत........ २३

२.५ विद्युत् व्यापार तथा निर्यात........ २४

३ आ.व.२०८१/०८२ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू र आयोजना गरेका कार्यक्रम..... २६

३.१ स्वीकृति/पूर्वस्वीकृति/सहमति सम्बन्धमा निर्णय........ २६

३.२ आ.व. २०८१/८२ का लागि विद्युत् उपभोक्ता महसुल दर समायोजनको लागि आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम तथा कारबाही........ २६

३.३ अनुगमन सम्बन्धी कार्यहरु २६
३.४ आयोगको कार्यसञ्चालनको छैठौं वार्षिकोत्सव सम्बन्धी कार्यक्रम २७
३.५ आयोगद्वारा आयोजना गरिएका अन्य कार्यक्रम २७
४ आ.व. २०८१/०८२ मा भएको आयोगको आय व्ययको विवरण २९
४.१ आयोगको कोष २९
४.२ आ.व. २०८१/०८२ मा आयोगको बजेट तथा खर्चको विवरण २९
४.३ आ.व. २०८१/०८२ को वित्तीय प्रगति विवरण ३०
५ आयोगले सामना गर्नुपरेका चुनौती तथा समस्याहरु ३४
६ विद्युत् क्षेत्र सुधार तथा विद्युत् सुशासनका सम्बन्धमा नेपाल सरकार समक्ष पेश गरिएको नीतिगत सुझाव ... ३६
६.१ विद्युत् क्षेत्र सुधारका सम्बन्धमा नीतिगत सुझाव ३६
६.२ विद्युत् सुशासनका सम्बन्धमा नीतिगत सुझाव ३७
६.३ विद्युत् नियमन आयोग ऐन, २०७४ तथा विद्युत् नियमन आयोग नियमावली, २०७५ मा समसामयिक संशोधनको आवश्यक्ताका सम्बन्धमा ३९
६.४ संस्थागत समन्वय र नियामकीय सुदृढीकरण ४१
७ आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित नियामकीय क्रियाकलापहरु ४२
८ निष्कर्ष ४३
अनुसूची ४४
अनुसूची १ विद्युत् नियमन आयोगद्वारा प्रस्तावित सङ्गठनात्मक संरचना ४४
अनुसूची २ आयोगले आयोजना गरेका कार्यक्रम तथा स्थलगत अनुगमनसंग सम्बन्धित तस्विरहरु ४५

विद्युत् नियमन आयोगका पदाधिकारीहरू



डा. राम प्रसाद घिताल
अध्यक्ष

श्री गौतम डंगोल
सदस्य

डा. मधुसुधन अधिकारी
सदस्य



डा. झमक प्रसाद शर्मा
सदस्य

श्री भागीरथी भट्टराई (ज्ञवाली)
सदस्य

श्री नविन राज सिंह
सचिव

अध्यक्षको मन्तव्य

विद्युत् केवल सामाजिक सेवामात्र नभई राष्ट्रको आर्थिक रुपान्तरण र व्यापारको मेरुदण्डको रुपमा स्थापित भएको छ। आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म आईपुग्दा नेपालको विद्युत्को कुल जडित क्षमता लगभग ३,५९१ मेगावाट पुगेको छ। ऊर्जा सुरक्षाको विश्वव्यापी बहसबीच नेपालले विद्युत्लाई रणनीतिक र व्यवसायिक दुवै दृष्टिले उपयोग गर्नुपर्ने आवश्यकता तीव्र बनेको छ। यसै सन्दर्भमा विद्युत् नियमन आयोगको स्थापना र भुमिका अझै महत्वपूर्ण र संवेदनशील भएको छ। विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम आयोगको प्रमुख दायित्व विद्युत् क्षेत्रलाई पारदर्शी, प्रतिस्पर्धात्मक, गुणस्तरीय र उपभोक्तामैत्री बनाउँदै लगानीकर्ताको विश्वास र उपभोक्ताको अधिकार संरक्षण गर्नु रहेकोछ।

नेपालको विद्युत् क्षेत्रको समीक्षा

वर्तमान परिप्रेक्ष्यमा नेपाल आर्थिक रुपान्तरणको ऐतिहासिक चरणमा पुगेको छ। सन् २०२६ सम्म नेपाललाई कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा परिणत गर्ने लक्ष्य नेपाल सरकार र समग्र नेपाली जनताको रहेको छ। एसियाली विकास बैंकको राष्ट्रिय साझेदार रणनीति, २०२५-२०२९ बमोजिम आर्थिक वर्ष २०२४ मा नेपालको कुल गार्हस्थ्य उत्पादन करिब ४२.९ अर्ब अमेरिकी डलर रहेको छ भने सन् २०२३ सम्ममा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,४३० अमेरिकी डलर पुगेको छ। सन् १९९० को दशकको मध्यकालदेखि नेपालले व्यापक राजनीतिक अस्थिरता, संरचनात्मक चुनौतीहरू तथा प्राकृतिक प्रकोपहरूले उत्पन्न बहुविध विपत्तिहरूका बाबजुद पनि आर्थिक स्थिरता कायम राख्दै मध्यम दरको आर्थिक वृद्धिलाई निरन्तरता दिँदै आइरहेको छ। विश्व बैंकको तथ्यांक हेर्ने हो भने सन् १९९५ मा करिब ५५ प्रतिशत नेपालीहरू चरम गरिबी रेखामुनी रहेकोमा सन् २०२३ सम्म यो आँकडा आश्चर्यजनक ढंगले ५४.८ प्रतिशत घटेर ०.३७ प्रतिशतमात्र जनसंख्या चरम गरिबीको रेखामुनि रहेको देखिन्छ। यद्यपि नेपालको अर्थतन्त्र क्षेत्रीय तथा विश्वव्यापी रुपमा समान गति कायम गर्न भने संघर्षरत नै रहेको देखिन्छ।

नेपालको अर्थतन्त्रको अवस्था

विवरण	आ.व.२०७७/७८	आ.व.२०७८/७९	आ.व.२०७९/८०	आ.व. २०८०/८१
कुल गार्हस्थ्य उत्पादन (प्रतिशत)	३३.४	३६.९	४१.०	४२.९
प्रति व्यक्ति आय (अमेरिकी डलर)	१,२७६.७	१,४१०.७	१,३९३.२	१,४४३.१
कुल विद्युत् जडित क्षमता (मे.वा.)	१,४५१	२,१६५	२,६८४	३,१५७
प्रति व्यक्ति विद्युत् खपत (किलोवाट)	२६५	३०५	३७०	४००

आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा नेपालमा कुल विद्युत् जडित क्षमता करिब ३,५९१ मेगावाट पुगेको छ। यसमध्ये करिब ९५ प्रतिशतभन्दा बढी योगदान जलविद्युत् परियोजनाहरुको रहेको छ। जलविद्युत्मा निजी क्षेत्रको संलग्नता उल्लेखनीय छ जस अन्तर्गत कुल जडित क्षमतामध्ये करिब ५५ प्रतिशत निजी क्षेत्रद्वारा उत्पादन भइरहेको छ। राष्ट्रिय प्रसारण प्रणालीमा जडित अधिकांश परियोजनाहरू नदी-प्रवाहमा आधारित प्रकृतिका रहेका छन। सोही आर्थिक वर्षमा नेपालको विद्युत्को उच्चतम माग करिब २,४०९ मेगावाट मापन गरिएको छ। मौसमीय प्रभाव विशेषतः सुक्खा महिनामा उत्पादन क्षमतामा कमी आउने परिस्थितिका साथै आर्थिक क्रियाकलापको वृद्धिसँगै आगामी वर्षहरूमा माग अझै बढ्ने प्रक्षेपण गरिएको छ। विगत एक वर्षमा मात्रै करिब ४३४ मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा समाहित गरिएको छ।

विद्युत् व्यापारका सन्दर्भमा पनि आर्थिक वर्ष २०८१/८२ मा नेपालले भारत र बङ्गलादेशलाई करिब रु १७.४६ अर्ब बराबरको विद्युत् निर्यात गरेको छ। यसमध्ये करिब रु १७.१९ अर्ब बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको थियो भने करिब रु. २६६.७ मिलियन बराबरको विद्युत् बङ्गलादेशतर्फ निर्यात गरिएको विभिन्न तथ्याङ्कले दर्शाएको छ।



विश्व तथा दक्षिण एसियाली क्षेत्रमा ऊर्जा तथा विद्युत्को परिवेश

अन्तर्राष्ट्रिय ऊर्जा संगठनको प्रतिवेदन अनुसार विश्वव्यापी ऊर्जा माग र आपूर्ति दुवै पक्षमा निरन्तर रुपमा उल्लेखनीय परिवर्तनहरू देखिएका छन। सन् २०२३/२४ मा वैश्विक ऊर्जा आपूर्ति करिब २ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसमा नवीकरणीय ऊर्जाको प्रयोग र उत्पादन तीव्र गतिमा बढ्दो क्रममा रहेको छ। तथापि जीवाश्म इन्धन अझै पनि विश्व ऊर्जा संरचनाको मुख्य आधार रहिरहेको छ। उपलब्ध तथ्यांकअनुसार सन् २०२३ मा नवीकरणीय स्रोतहरूबाट हुने बिजुली उत्पादनले करिब ३० प्रतिशत हिस्सा ओगटेको छ भने जीवाश्म इन्धनको योगदान अझै पनि कुल विद्युत् उत्पादनको करिब ६१ प्रतिशत रहेको छ।

दक्षिण एसियाली क्षेत्रको सन्दर्भमा पनि तीव्र औद्योगिकीकरण, शहरीकरण तथा विद्युत्ीकरण विस्तारका कारण ऊर्जाको माग तीव्र गतिमा वृद्धि भइरहेको छ। भारतको विद्युत् क्षेत्रको विवरणअनुसार सन् २०२५ सम्म कुल जडित क्षमता ४७६ गिगावाट पुगेको छ, जसमा कोइला तथा अन्य जीवाश्म इन्धनको हिस्सा उल्लेखनीय छ। भारतले सन् २०७० सम्म कार्बन उत्सर्जन शून्य बनाउने दीर्घकालीन लक्ष्यलाई दृष्टिगत गरी हरित तथा नवीकरणीय ऊर्जाको उत्पादन विस्तारमा विशेष प्राथमिकता दिएको छ। बितेको आर्थिक वर्षमा नेपालले भारतलाई २,३३१ गिगावाट घण्टा विद्युत् परिमाण बिक्री गर्न सफल भएको छ जुन पछिल्लो वर्षको तुलनामा २२.३ प्रतिशतले वृद्धि भएको छ।



नेपालको अर्को छिमेकी भुटानका सन्दर्भमा हेर्दा भुटान सरकारद्वारा प्रकाशित Annual Statistical Yearbook of Bhutan 2025 को तथ्यांकअनुसार भुटानमा जलविद्युत् उत्पादनको सम्भावित क्षमता करिब ३२,००० मेगावाट रहेको छ। सन् २०२५ सम्म भुटानको कुल जडित विद्युत् क्षमता २,४४४ मेगावाट पुगेको छ जुन उपलब्ध कुल सम्भावित क्षमताको करिब ७.५ प्रतिशत मात्र हो। कुल जडित विद्युत् क्षमतामा जलविद्युत् आयोजनाहरूको योगदान करिब ९९ प्रतिशत रहेको देखिन्छ जसले भुटानको ऊर्जा संरचना पूर्ण रूपमा जलविद्युत्मा आधारित रहेको देखाउँछ। हालसम्म ९९.७१ प्रतिशत घरधुरीले विद्युत् सेवामा पहुँच प्राप्त गरिसकेका छन्। यसले भुटानलाई दक्षिण एसियामै सर्वाधिक विद्युत् पहुँच

भएको देशको रूपमा स्थापित गरेको छ । भुटानको कुल गार्हस्थ उत्पादनमा ऊर्जा क्षेत्रको योगदान करिब ११ प्रतिशत रहेको छ । जलविद्युत् आयोजना विस्तारसँगै उक्त योगदान आगामी वर्षहरूमा थप वृद्धि हुने अनुमान गरिएको छ । यसले देशको आम्दानी र क्षेत्रीय ऊर्जा व्यापारमा भुटानको रणनीतिक भूमिका अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

त्यसैगरी पाकिस्तानमा पनि विद्युत् क्षेत्र निरन्तर विस्तार भइरहेको छ । आर्थिक वर्ष २०२४/२५ मा पाकिस्तानको विद्युत्को कुल जडित क्षमता ४६ गिगावाट नाघेको देखिन्छ । यसमा जलविद्युत्को हिस्सा २४.४ प्रतिशत, आणविक ऊर्जा ७.८ प्रतिशत, नवीकरणीय स्रोत १२.२ प्रतिशत र थर्मल स्रोतको योगदान ५५.७ प्रतिशत रहेको छ । त्यस्तै, बंगलादेश विद्युत् विकास बोर्डका अनुसार २०२५ अगस्टसम्म बंगलादेशको कुल जडित विद्युत् क्षमता करिब २८ गिगावाट पुगेको छ । यसमा कोइला, डिजेल तथा आयलबाट हुने विद्युत् उत्पादनको योगदान ४० प्रतिशतभन्दा बढी रहेको देखिन्छ । बंगलादेशले सन् २०५० सम्म कार्बन उत्सर्जनलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । यसैबीच नेपालले बंगलादेशलाई हाल करिब ४० मेगावाट हरित ऊर्जा निर्यात गर्दै आएकोमा भविष्यमा अझै विस्तार गर्ने सम्भावना प्रबल छ ।

संस्थागत उपलब्धिहरू

स्थापनाको गौरवमय तथा ऐतिहासिक सातौं वर्षमा प्रवेश गर्दा आयोगले विगतको छोटो अवधिमा केही महत्वपूर्ण नियामकीय आधारहरू तयार र स्थापना गरेको छ । समग्रमा, आयोगको स्थापना पश्चात हालसम्म १५ वटा विभिन्न नियामकीय उपकरण (विनियम, निर्देशिका, संहिता, म्यानुअल र मार्गचित्र आदि) जारी गरी कार्यान्वयनमा ल्याइसकेको अवस्था छ । आयोगको आर्थिक प्रशासन विनियमावली, २०८१ र कर्मचारी प्रशासन विनियमावली, २०८१ जारी भए पश्चात आयोगले वित्तीय तथा प्रशासनिक सुशासनलाई संस्थागत स्वरूप दिनुका साथै जनशक्ति भर्ना गर्ने बाटो खुलेको छ । आयोगद्वारा हालैमात्र कागजरहित नियमनको अवधारणा अन्तर्गत अनलाइन डकुमेन्ट म्यानेजमेन्ट प्रणालीको सुरुवात गरिएको छ । यसले आयोगबाट हुने सेवा प्रवाहलाई छिटो, सरल र प्रविधिमैत्री बनाएको छ । आगामी दिनमा यस प्रणालीलाई नियामकीय सूचना व्यवस्थापन प्रणाली (Regulatory Information Management System) मा विस्तार गर्ने रणनीति आयोगको रहेको छ ।

नियामकीय सुधार र छलफल

आयोगले पछिल्ला वर्षहरूमा विद्युत् क्षेत्र नियमन तथा सुधारका निमित्त विभिन्न पहलहरू गरेको छ । यसै सम्बन्धमा खुला पहुँच सम्बन्धी छलफलपत्र तथा निर्देशिका जारी गरी प्रसारण सञ्जालको साझा प्रयोग, थोक प्रतिस्पर्धा र निजी लगानी प्रोत्साहन गर्ने नीतिको सुरुवात भएको छ । जलाशययुक्त जलविद्युत् आयोजनाका लागि विद्युत् खरिद बिक्री दर निर्धारण सम्बन्धी छलफल पत्रमार्फत दीर्घकालीन वित्तीय स्थायित्व, प्रणाली सन्तुलन र नवीकरणीय ऊर्जा विविधीकरणलाई सम्बोधन गर्ने प्रयास भएको छ । त्यस्तै विवाद समाधान विनियमावली, २०८२ मार्फत अनुमतिप्राप्त व्यक्तिहरूबीच तथा उपभोक्ता र अनुमतिप्राप्त व्यक्ति बीचका विवाद छिटो र न्यायोचित ढंगले समाधान गर्ने संयन्त्रको स्थापना गरिएको छ । यसका अतिरिक्त, महसुललाई लागत प्रतिविम्बित बनाउन आयोगद्वारा उपभोक्ता विद्युत् महसुल निर्देशिका उपर आवश्यक छलफलपत्र तथा समयानुकुल पुनरावलोकन गर्ने उद्देश्य लिएको छ । यी सुधारहरु आयोगलाई प्रतिक्रियाशील, विश्वासिलो र निष्पक्ष नियामक निकायको रूपमा स्थापित गर्न उन्मुख छन् ।

भावी बाटो

आगामी दिनहरूमा आयोगबाट कागजरहित नियमन कार्यान्वयन गरी आयोगको सम्पूर्ण कार्यलाई डिजिटल तथा विद्युतीय प्लेटफर्ममा आधारित बनाइनेछ । यसका निमित्त आयोगको विद्युतीय प्रणालीलाई आवश्यक सुधार तथा क्षमता अभिवृद्धि गरिनेछ । विद्युत् नियमन आयोग ऐन, २०७४ तथा विद्युत् नियमन आयोग नियमावली, २०७५ ले प्रदान गरेको कानूनी दायित्व बमोजिम उपभोक्ता अधिकार संरक्षण गर्ने हेतु विशेषतः गुणस्तरीय र किफायती विद्युत् पहुँच सुनिश्चित गर्दै गुनासो समाधान संयन्त्रलाई थप सुदृढ बनाइने लक्ष्य रहेको छ । आयोगद्वारा विद्युत् क्षेत्रमा वैदेशिक तथा निजी क्षेत्रको सक्रिय सहभागिता बढाउनका निमित्त अनुमानयोग्य, पारदर्शी र लगानीमैत्री नियामकीय वातावरण निर्माण गर्ने छ । यसै सम्बन्धमा आयोगद्वारा **"सर्वसुलभ, भरपर्दो र सुरक्षित विद्युत्को आधार - हरेक विद्युत् उपभोक्ताको अधिकार"** भन्ने मूल नारा सहित आर्थिक वर्ष २०८२/८३ का निमित्त वार्षिक योजना तथा कार्यक्रम लागू गरी आफ्नो नियामकीय गतिविधिहरुलाई अनुमानयोग्य बनाउने पहल शुरु गरिसकेको छ ।

विद्युत् उत्पादनतर्फ ऊर्जा मिश्रण र ऊर्जा विविधीकरणलाई प्रोत्साहन तथा राष्ट्रिय ग्रिडमा सन्तुलन कायम गर्नका लागि नवीकरणीय ऊर्जा स्रोतको उत्पादन र उपयोगलाई प्रवर्द्धन गर्ने तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासअनुसार नियामकीय उपकरणहरु तर्जुमा तथा पुनरावलोकन गरिने लक्ष्य राखिएको छ । त्यसैगरी नेपाल सरकारको नीति तथा ऊर्जा मार्गचित्र २०८१ सँग सुसम्बद्ध र सामन्जस्यता मिलाउँदै आयोगले "निष्पक्ष, न्यायोचित र पारदर्शी नियमन" मार्फत राष्ट्रलाई ऊर्जा स्वाधीनताको लागि मार्ग प्रशस्त गर्नु पनि आयोगको अभीष्ट हो ।

निष्कर्ष

आयोगको नियमनकारी भूमिकालाई सशक्त बनाउन सौहार्द्रपूर्ण रुपले सहयोग पुऱ्याउने नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, अर्थ मन्त्रालय, लोक सेवा आयोग, नेपाल विद्युत् प्राधिकरण, स्वतन्त्र ऊर्जा उत्पादकहरुको सँस्था (इप्पान), विकास साझेदार संघ संस्था, आयोगका विद्यमान तथा तत्कालीन पदाधिकारी र कर्मचारी, सेवा प्रदायक, लगानीकर्ता, उपभोक्ता तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

आयोगद्वारा आर्थिक वर्ष २०८१/८२ मा कोषमा प्राप्त गरेको रकम, संचालन गरेको कार्यक्रम, उपलब्धि, चुनौती, नीतिगत सुझाव र आगामी कार्यदिशा सहित विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ३८ बमोजिम ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयसमक्ष यो प्रतिवेदन पेश गरिएको छ ।

....
(डा. राम प्रसाद धिताल)

अध्यक्ष

कार्यकारी सारांश

विद्युत् नियमन आयोगद्वारा नेपालको विद्युत् क्षेत्रको दिगो विकासका निमित्त स्वतन्त्र, पूर्वानुमानयोग्य, उपभोक्ता प्रति समर्पित, उत्तरदायी र पारदर्शी नियमन गर्दै आएको छ। विद्युत् नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम

(१) विद्युत्को उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई सरल, नियमित, व्यवस्थित र पारदर्शी बनाउने,

(२) विद्युत्को माग आपूर्तिमा सन्तुलन कायम राख्ने, विद्युत् महसुल नियमन गर्ने,

(३) विद्युत् उपभोक्ताको हकहित संरक्षण गर्ने,

(४) विद्युत्को बजारलाई प्रतिस्पर्धात्मक बनाउने, तथा

(५) विद्युत् सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त र सुरक्षित बनाउने उद्देश्यको परिपूर्ति गर्ने

उद्देश्य अनुरुप आयोगले हालसम्म विभिन्न विनियमावली, निर्देशिका, संहिता तथा कार्यविधि तर्जुमा गरी लागु गरिसकेको छ। आयोगले आ.व. २०८१/८२ मा देहायबमोजिमको संख्यामा नियामकिय उपकरण लागू गरेको छ :

विनियमावली	आर्थिक प्रशासन विनियमावली, २०८१
	कर्मचारी प्रशासन विनियमावली, २०८१
	विवाद समाधान सम्बन्धी विनियमावली, २०८२
छलफल तथा अवधारणा पत्र	विद्युत उपभोक्ता महसुल सम्बन्धी छलफल पत्र
	जलाशययुक्त जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्बन्धी अवधारणा पत्र
	विद्युत प्रणालीमा खुल्ला पहुँच सम्बन्धी छलफल पत्र
अन्य	आयोगको पन्चवर्षीय मार्गचित्र (२०८१-२०८६)
	विद्युत नियमन आयोग आर्थिक वर्ष २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम
	आँधिखोला विद्युत वितरण केन्द्रको उपभोक्ता महसुल दर पुनरावलोकन
	विद्युत नियमन आयोग बैठक सम्बन्धी कार्यविधि, २०८२

आयोगद्वारा उल्लेखित क्रियाकलापका अतिरिक्त खुल्ला पहुँच सम्बन्धी निर्देशिका २०८२, संस्थागत सुशासन सम्बन्धी मापदण्ड २०८२, उपभोक्ता विद्युत् महसुल निर्धारण निर्देशिकालाई संसोधन गर्ने निर्देशिका २०८२, जलाशययुक्त जलविद्युत् आयोजनाको दर निर्धारण सम्बन्धी निर्देशिका २०८२ लगायत अन्य तर्जुमा भई स्वीकृतिको अन्तिम चरणमा रहेका छन्। खुल्ला पहुँचसम्बन्धी निर्देशिका २०८२ ले प्रसारण प्रणालीमा निष्पक्ष र तटस्थ पहुँच सुनिश्चित गर्दै विद्युत् उत्पादकलाई स्वतन्त्र रूपमा बिक्री वितरण गर्ने अवसर प्रदान गर्नेछ। यसले विद्युत् क्षेत्रमा प्रतिस्पर्धा अभिवृद्धि, बजार पारदर्शिता तथा क्षेत्रीय ऊर्जा व्यापारलाई सहज बनाउने अपेक्षा गरिएको छ। त्यस्तै संस्थागत सुशासनसम्बन्धी मापदण्ड, २०८२ ले आन्तरिक नियन्त्रण, निर्णय प्रक्रिया र उत्तरदायित्वको स्पष्टता मार्फत पारदर्शिता र लगानीमैत्री वातावरण निर्माण गर्दै दीर्घकालीन स्थायित्व र लगानीकर्ताको विश्वासलाई बल पुऱ्याउनेछ।

यसैगरी उपभोक्ता विद्युत् महसुल निर्धारण निर्देशिकामा संशोधन गर्ने निर्देशिका, २०८२ ले मूल्य निर्धारण प्रक्रियालाई न्यायसंगत र पारदर्शी बनाई उपभोक्ताको हकहितलाई सुरक्षित गर्ने व्यवस्था गर्नेछ। यसले लागतमा आधारित महसुल दर संरचनालाई अद्यावधिक गर्दै आपूर्तिकर्तालाई आवश्यक आर्थिक स्थायित्व प्रदान गर्नेछ। अर्कोतर्फ जलाशययुक्त जलविद्युत् आयोजना दर निर्धारणसम्बन्धी निर्देशिका, २०८२ ले सुक्खा मौसममा आपूर्ति स्थिरता कायम गर्न तथा प्रणाली सन्तुलन सुनिश्चित गर्न र विद्युत् निर्यातमार्फत क्षेत्रीय ऊर्जा सुरक्षामा योगदान पुऱ्याउने आधार तय गर्नेछ। तसर्थ उल्लेखित निर्देशिका तथा मापदण्डहरूको कार्यान्वयनले विद्युत् क्षेत्रलाई कानूनी स्थायित्व, पारदर्शिता, प्रतिस्पर्धात्मक र विश्वसनीयता प्रदान गर्ने मात्र नभई नेपाललाई ऊर्जा संक्रमण, जलवायु प्रतिवद्धता तथा अन्तरदेशीय ऊर्जा व्यापारको सुदृढ मार्गतर्फ उन्मुख गराउनेछ।

१ परिचय : विद्युत् नियमन आयोग

विद्युत् आधुनिक सभ्यताको निरन्तरता र विकासका लागि अपरिहार्य ऊर्जा स्रोतको रूपमा स्थापित भइसकेको छ। विविध ऊर्जाको स्वरूपमा सहजै रूपान्तरण गर्न सकिने विशेषताका कारण विद्युत्को प्रयोग घरेलु प्रयोजनमा मात्र सीमित नरही सञ्चार, यातायात, स्वास्थ्य, कृषि तथा उद्योगजस्ता यावत् क्षेत्रमा प्रमुख आधारका रूपमा विस्तार भएको छ। यसर्थ, विश्वव्यापी स्तरमा गुणस्तरीय, सर्वसुलभ, किफायती र भरपर्दो विद्युत् पहुँच जीवनस्तरको सूचक, सामाजिक समानताको प्रमुख आधार र दिगो भविष्यको सूचकका रूपमा लिइन्छ। मानव जीवन र राष्ट्रिय अर्थतन्त्रमा विद्युत्को महत्वपूर्ण योगदानलाई दृष्टिगत गर्दा विद्युत् नियमनलाई विशेष संवेदनशील र उत्तरदायी कार्यका रूपमा हेरिन्छ। विद्युत् नियमनको उद्देश्य भनेको गुणस्तरीय तथा भरपर्दो सेवामा उपभोक्ताको सहज पहुँच सुनिश्चितता, उपभोक्ताको हक हितको संरक्षण र सम्पूर्ण विद्युत् प्रणालीको दिगोपन र पारदर्शिता कायम गर्नुमा केन्द्रित रहनु हो।

विद्युत् नियमन आयोग ऐन, २०७४ तथा विद्युत् नियमन आयोग नियमावली, २०७५ ले व्यवस्था गरेअनुरुप नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७६ बैशाख २३ गतेको निर्णय अनुसार विद्युत् नियमन आयोगको स्थापना भएको हो। आयोगको सुरुवाती पाँच वर्ष नेपालमा विद्युत् नियमनको अवधारणा र सिद्धान्तहरूको आधारशिला स्थापना गर्ने महत्वपूर्ण कालखण्डको रुपमा रहयो। आयोगका प्रथम पदाधिकारीहरूको नियुक्ति मिति २०७६ वैशाख २५ गतेका दिन भएको थियो। २०८१ बैशाखमा प्रथम पदाधिकारीहरुको पाँच वर्षीय कार्यकाल सकिएपछि आयोगका दोस्रा पदाधिकारीहरुको नियुक्ति मिति २०८१ आषाढ १० मा भएको थियो। साथै रिक्त रहेको एक सदस्य पदमा नेपाल सरकार (मन्त्रिपरिषद) द्वारा मिति २०८१ चैत्र ०१ मा नियुक्ति गरिए सँगै हाल आयोगमा एक अध्यक्ष र चार सदस्य सहितको पूर्ण आयोग संचालनमा रहेको अवस्था छ।

विद्युत् नियमन आयोग नेपालको विद्युत् क्षेत्रको एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र सङ्गठित नियामकीय निकाय हो। विद्युत् नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम आयोगका उद्देश्यहरु परिपूर्ति गरी नेपालको विद्युत् क्षेत्रको दिगो विकास गर्नको लागि आयोगले स्वतन्त्र, पूर्वानुमानयोग्य, उपभोक्ताप्रति समर्पित, उत्तरदायी र पारदर्शी नियमन गर्दै आएको छ। सोही अनुरुप विगत पाँच वर्षमा आयोगले आवश्यक नियामकीय उपकरणहरुको तर्जुमा तथा समयानुकूल परिमार्जन गरेको छ। आयोगले हालसम्म देहाय बमोजिमका विभिन्न आवश्यक विनियमावली, निर्देशिका, संहिता तथा कार्यविधि तर्जुमा गरी लागु गरिसकेको छ :

१) विद्युत् नियमन आयोगको बैठक सम्बन्धी कार्यविधि, २०७६
२) विद्युत् खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६
३) विद्युत् उपभोक्ता महसुल निर्धारण निर्देशिका, २०७६
४) विद्युत् नियमन आयोग सार्वजनिक सुनुवाई सञ्चालन निर्देशिका, २०७६
५) विद्युत् नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति आपसमा गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७
६) विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८
७) आयोगको पाँच (५) वर्षे कार्यदिशा (Regulatory Roadmap, 2079)
८) नेपाल विद्युत् ग्रिड कोड, २०८० (Nepal Electricity Grid Code, 2023)
९) विद्युत् उपभोक्ता हित संरक्षण सम्बन्धी निर्देशिका, २०८०, तथा
१०) Key Performance Indicators Manual for Monitoring the Performance of Electric Utilities, 2023
११) आयोगको पञ्चवर्षीय मार्गचित्र (२०८१-२०८६)
१२) आर्थिक प्रशासन विनियमावली, २०८१
१३) कर्मचारी प्रसाशन विनियमावली, २०८१
१४) विवाद समाधानसम्बन्धी विनियमावली, २०८२
१५) जलाशययुक्त जलविद्युत् आयोजनाहरूका लागि विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) र सोको विद्युत् खरिद बिक्री दर निर्धारणसम्बन्धी छलफलपत्र
१६) विद्युत् प्रणालीमा खुल्ला पहुँच सम्बन्धी छलफलपत्र

१७) विद्युत् उपभोक्ता महसुल दर पुनरावलोकन सम्बन्धी छलफलपत्र
१८) विद्युत् नियमन आयोग (खुल्ला पहुँचसम्बन्धी) निर्देशिका, २०८२ (स्वीकृतिको चरणमा)
१९) विद्युत् नियमन आयोग आर्थिक वर्ष २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम
२०) संस्थागत सुशासन सम्बन्धी मापदण्ड, २०८२ (स्वीकृतिको चरणमा)
२१) जरिवाना निर्धारण निर्देशिका, २०८२ (स्वीकृतिको चरणमा)
विद्युत् नियमन आयोगको बैठक तथा निर्णय व्यवस्थापन कार्यविधि, २०८२ (स्वीकृतिको चरणमा)
२२) विद्युत् कम्पनीको शेयर, सम्पत्ति, स्वामित्व तथा कारोवार नियमन निर्देशिका, २०८२ (स्वीकृतिको चरणमा)
२३) भण्डारणसहितका विद्युत आयोजनाको विद्युत खरिद बिक्रि दर निर्धारण सम्बन्धी निर्देशिका, २०८२ (स्वीकृतिको चरणमा)

१.१ आयोगको कार्यक्षेत्र

विद्युत् नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरे अनुसार यस आयोगको देहाय बमोजिमका काम, कर्तव्य तथा अधिकार रहेका छन् :

१.१.१ प्राविधिक व्यवस्थापन गर्ने

विद्युत्को उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धमा नियमन गर्न आयोगले प्राविधिक व्यवस्थापनको लागि देहायका कार्यहरू गर्नेछ :

(क) विद्युत् सेवा सम्बन्धी ग्रिड संहिता र वितरण संहिता बनाई कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने ।

(ख) विद्युत् सेवाको सञ्चालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

(ग) राष्ट्रिय विद्युत् प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न आवश्यक मापदण्ड बनाई लागू गर्ने ।

(घ) विद्युत् प्रणाली सञ्चालकको दायित्व निर्धारण गरी कार्यान्वयनको अनुगमन गर्ने ।

(ङ) विद्युत् सेवा बन्द गर्न सक्ने अवस्था, त्यसको आधार र प्राथमिकता निर्धारण गर्ने ।

(च) विद्युत् सेवाको आन्तरिक माग तथा आपूर्तिको लागि न्यूनतम लागत विस्तार कार्ययोजना बनाई कार्यान्वयन गर्ने वा गर्न लगाउने ।

१.१.२ महसुल निर्धारण गर्ने तथा विद्युत् खरिद बिक्रीको नियमन गर्ने

आयोगले महसुल निर्धारण गर्ने तथा विद्युत् खरिद बिक्रीको नियमन गर्ने सम्बन्धमा देहाय बमोजिमका कार्यहरू गर्नेछ :

(क) सञ्चालन खर्च, ह्रासकट्टी दर, साँवाब्याजको भुक्तानी, मर्मतसम्भार खर्च, विद्युत् संरचनाको निर्माण, पुनर्निर्माण, पुनर्स्थापना तथा शेयर लगानी बापत वार्षिक रुपमा प्राप्त हुने प्रतिफल लगायत विद्युत् खरिद सम्झौता समेतलाई विचार गरी विद्युत् महसुल दर निर्धारणका सर्त तथा आधार निर्धारण गरी त्यसको आधारमा उपभोक्ताले बुझाउनुपर्ने महसुल निर्धारण गर्ने ।

(ख) विद्युत् खरिद बिक्रीको थोक बजार स्थापना नभएसम्म वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको सङ्गठित संस्था बीच हुने विद्युत् खरिद बिक्री दर र प्रक्रिया निर्धारण गर्ने ।

(ग) उत्पादित विद्युत् खरिद बिक्री गर्न अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच विद्युत् खरिद सम्झौता गर्न सहमति दिने।

(घ) विद्युत् मूल्यको लागत न्यूनतम बनाउन आवश्यक उपायको पहिचान गरी लागु गराउने ।

(ङ) प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ चार्ज) निर्धारण गर्ने ।

(च) विशेष परिस्थितिमा विद्युत् सेवासँग सम्बन्धित विषयमा निश्चित समयको लागि विद्युत् महसुलमा अतिरिक्त महसुल (सरचार्ज) निर्धारण गर्ने ।

१.१.३ प्रतिस्पर्धा कायम गर्ने तथा उपभोक्ताको हित संरक्षण गर्ने

आयोगले विद्युत् बजारमा प्रतिस्पर्धा कायम गर्न तथा उपभोक्ताको हित संरक्षण गर्न देहायका कार्यहरू गर्नेछ :

(क) उपभोक्ताको हित संरक्षणको लागि आवश्यक उपाय पहिचान गरी कार्यान्वयन गर्ने वा गराउने ।

(ख) विद्युत् खरिद बिक्रीको दरमा प्रतिस्पर्धाको वातावरण कायम गराउने ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच विद्युत् महसुल दरमा प्रतिस्पर्धा गराउन आवश्यक उपायको पहिचान गरी लागू गराउने ।

(घ) विद्युत् महसुल दरमा एकाधिकार (सिन्डिकेट) हुन नपाउने व्यवस्था गर्ने ।

(ङ) विद्युत्को थोक बजार स्थापना, सञ्चालन तथा खरिद बिक्री प्रक्रिया निर्धारण गर्ने ।

(च) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन (मर्जर), आपसमा मिल्न, एक्लै वा आफ्नो सहायक कम्पनीसँग मिली त्यस्तो व्यक्ति रहेको कम्पनीको पचास प्रतिशत वा त्यसभन्दा बढी शेयर खरिद गर्न, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्विजिसन) वा ग्रहण (टेक ओभर) गर्नको लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने वा गराउने ।

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) तथा प्राप्ति (एक्विजिसन) वा ग्रहण (टेक ओभर) गर्न सहमति दिने ।

(ज) विद्युत्को व्यापार गर्दा पालना गर्नुपर्ने सर्तहरू तोक्ने तथा त्यसको नियमित रुपमा अनुगमन गर्ने ।

(झ) प्रसारण लाइनमा रहेको विद्युत्को गुणस्तर कायम गराउन समय समयमा जाँच परीक्षण गर्ने वा गराउने ।

(ञ) विद्युतीय प्रणालीमा खुल्ला पहुँचको व्यवस्था गर्ने ।

१.१.४ सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने

आयोगले अनुमतिपत्र प्राप्त व्यक्तिको सङ्गठनात्मक क्षमता अभिवृद्धि गरी संस्थागत सुशासन कायम गराउन देहाय बमोजिमको कार्य गर्नेछ :

(क) अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यक्षमता मूल्याङ्कनको स्तर तथा आधार निर्धारण गर्ने ।

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारवाहीलाई मर्यादित बनाउन आचारसंहिता तयार गरी लागू गर्ने ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिलाई विद्युत्को बजार प्रवर्द्धन, विस्तार तथा विविधीकरण गर्न उत्प्रेरित गर्ने ।

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिको आन्तरिक नियन्त्रण, लेखा प्रणाली, लेखापरीक्षण विधिमा एकरुपता कायम गर्न मापदण्ड बनाई लागू गर्ने ।

(ङ) अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाको सञ्चालक समितिका पदाधिकारी तथा अन्य पदाधिकारीले त्यस्तो संस्थालाई जानकारी गराउनुपर्ने विषय निर्धारण गरी त्यसलाई पालना गर्न लगाउने ।

(च) अनुमतिपत्र प्राप्त व्यक्तिको लेखा प्रणालीको आवश्यकता अनुसार आकस्मिक जाँच गर्ने ।

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिको कामकारबाहीमा सुशासन कायम गराउन आवश्यक निर्देशन दिने तथा मापदण्ड जारी गर्ने ।

१.१.५ नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने

आयोगले विद्युत्को उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन गर्नुपर्ने नीतिगत सुधारका सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिनेछ ।

१.१.६ जाँचबुझ तथा निरीक्षण गर्ने

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा मापदण्ड तथा प्रचलित अन्य कानून वा अनुमतिपत्र प्रदान गर्दा निर्धारण गरिएका सर्त बमोजिम कार्य गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(ख) जाँचबुझ तथा निरीक्षण गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिसँग लेखा, अभिलेख, विवरण आदि माग गर्न वा स्थलगत रुपमा जाँचबुझ तथा निरीक्षण गर्न सकिनेछ ।

(ग) जाँचबुझ तथा निरीक्षण गर्ने पदाधिकारी वा कर्मचारीले त्यसको प्रतिवेदन तयार गरी आयोग समक्ष पेस गर्नुपर्ने छ र त्यस्तो प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिले आदेश तथा निर्देशन पालना नगरेमा आयोगले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई ऐनको दफा १९ को उपदफा (१) बमोजिम जरिवाना गर्न सक्नेछ ।

१.१.७ विवाद समाधान गर्ने

देहायको विषयमा उत्पन्न विवाद समाधान गर्न अदालतलाई भए सरहको न्यायिक अधिकार आयोगलाई रहेको छ :

(क) अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच उत्पन्न विद्युत् सम्बन्धी विवाद,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट आफूलाई मर्का परेको कुरा उल्लेख गरी त्यस बापतको क्षतिपूर्तिको दाबी गरेको विषय ।

१.२ आयोगको सङ्गठनात्मक संरचना

आयोगद्वारा अनुसूची १ मा उल्लेख गरिए बमोजिम सङ्गठनात्मक संरचना लागू गरिएको छ । आयोगमा हाल देहाय बमोजिमका पदाधिकारी रहेका छन् :

क्र.सं.	नाम	पद	नियुक्ति भएको मिति
१.	डा. राम प्रसाद धिताल	अध्यक्ष	२०८१ आषाढ १०
२.	श्री गौतम डंगोल	सदस्य	२०७८ चैत्र २३
३.	डा. मधुसुधन अधिकारी	सदस्य	२०८१ आषाढ १०
४.	डा. झमक प्रसाद शर्मा	सदस्य	२०८१ आषाढ १०
५.	श्रीमती भागीरथी भट्टराई ज्ञवाली	सदस्य	२०८१ चैत्र ०१
	श्री नविनराज सिंह	सचिव	-

ऐनले दफा ५ बमोजिम एक अध्यक्षका अतिरिक्त चार सदस्य निर्दिष्ट गरेको छ ।

विद्युत् नियमन आयोग कर्मचारी प्रशासन सम्बन्धी विनियमावली, २०८१ बमोजिम आयोगमा तत्कालको लागि देहाय बमोजिमको सङ्गठनात्मक संरचना रहनेछ :

क) अध्यक्ष
ख) सदस्य
ग) सचिव
घ) नियमन, सुपरिवेक्षण, बाह्य सम्बन्ध तथा प्राविधिक विभाग
ङ) आर्थिक विश्लेषण, महसुल दर तथा उपभोक्ता हित संरक्षण विभाग
च) अन्य शाखाहरू

१.२.१ नियमन, सुपरिवेक्षण, बाह्य सम्बन्ध तथा प्राविधिक विभाग

प्राविधिक तथा इन्जिनियरिङ्ग विषयमा आयोगलाई सहयोग गर्ने हेतु यस विभाग अन्तर्गत नियमन, सुपरिवेक्षण, बाह्य सम्बन्ध तथा प्राविधिक विभाग रहने छ ।

१.२.२ आर्थिक विश्लेषण, महसुल दर तथा उपभोक्ता हित संरक्षण विभाग

महसुल निर्धारणको सन्दर्भमा आयोगलाई सहयोग गर्न हेतु यस विभाग अन्तर्गत विश्लेषण, महसुल दर तथा उपभोक्ता हित संरक्षण विभाग रहेको छ । यस विभागको मुख्य काम महसुल निर्धारणको सन्दर्भमा आयोगलाई सहयोग गर्ने तथा आयोगको खर्च, आय, व्यय आदिको आर्थिक विश्लेषण गर्ने हुनेछ ।

१.२.३ अन्य शाखाहरू

उपरोक्त शाखाहरू बाहेक आयोगमा निम्न शाखाहरु समेत रहेका छन् :

- नियमन, सुपरिवेक्षण, बाह्य सम्बन्ध तथा प्राविधिक शाखा
- आर्थिक विश्लेषण, महसुल दर तथा उपभोक्ता हित संरक्षण शाखा
- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा

यी शाखाहरूले उपभोक्ताको हक हितसँग सम्बन्धित विषयमा तथा आयोगको आन्तरिक एवम् आर्थिक प्रशासनको विषयमा आयोगलाई सहयोग गर्दछन् । आयोगको मातहतमा रहने उपरोक्त विभाग तथा शाखाहरू आयोगको कार्यसम्पादनको लागि अत्यन्त आवश्यक रहेका छन् । नेपाल सरकारबाट आयोगको सङ्गठनात्मक संरचनाको स्वीकृति पश्चात् आयोगलाई नवीन ऊर्जाका साथ आफ्नो कार्य अघि बढाउन यस संरचनाले केही हदसम्म मद्दत पुऱ्याएको छ ।

१.३ आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

आयोगको कर्मचारीको नियुक्ति, काम, कर्तव्य, अधिकार, योग्यता, पारिश्रमिक, सुविधा तथा सेवाको शर्तसहितको कर्मचारी सम्बन्धी विनियमावली जारी गरिएको छ । यस विनियमावलीबमोजिम निकट भविष्यमा स्थायी दरबन्दी अनुसारका सम्पूर्ण रिक्त पद पूर्ति गर्ने आयोगको योजना रहेको छ ।

ऐनको दफा ३१ को उपदफा (४) मा आयोगमा कर्मचारी नियुक्ति भई पदपूर्ति नभएसम्मका लागि मन्त्रालयले नेपाल सरकारका कुनै कर्मचारीलाई आयोगमा काम गर्नका लागि निश्चित अवधि तोकी काजमा खटाउन सक्ने व्यवस्था भए बमोजिम हाल मन्त्रालय अन्तर्गतका निकायबाट आठ (८) जना राजपत्राङ्कित कर्मचारी तथा चार (४) जना राजपत्र अनङ्कित गरी जम्मा बाह्र (१२) जना कर्मचारीहरू काजका रुपमा आयोगमा कार्यरत रहेको अवस्था छ भने करार सेवामा कम्प्युटर अपरेटर, हलुका सवारी चालक तथा कार्यालय सहयोगीहरु गरी जम्मा १८ (अठार) जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

१.४ आयोगको पछिल्लो आर्थिक बर्षको मूल्याङ्कन

१.४.१ आयोगको सबल पक्ष

विद्युत् नियमन आयोग ऐन, २०७४ ले निर्दिष्ट गरे अनुरुप विद्युत् नियमन आयोगले आर्थिक बर्ष २०८१।८२ मा गरेका कार्यहरुको विवरण देहायबमोजिम रहेको छ :

क) आयोगको पञ्चवर्षीय मार्गचित्र (२०८१-२०८६): आयोगको दोस्रो कार्यावधिको लागि पदाधिकारीहरुको आगमन लगतै पञ्च-वर्षीय मार्गचित्र (२०८१-२०८६) तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ। आयोगको आगामी पाँच वर्षको कार्यादेश यसै मार्गचित्रमा आधारित भएर अगाडि बढ्ने छ। यसै मार्गचित्र अनुरुप आयोगले सुरुवातीकै वर्षमा आयोग आन्तरिक सुदृढीकरण, विवाद समाधानसम्बन्धी व्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली, खुला पहुँच तथा महसुल अध्ययन लगायतका विषयमा केन्द्रित रहेको थियो ।

ख) आर्थिक प्रशासन विनियमावलीको स्वीकृति: विद्युत् नियमन आयोगको आर्थिक तथा वित्तीय सुशासन र दैनिक संचालनका निमित्त अत्यावश्यक विद्युत् नियमन आयोगको **आर्थिक प्रशासन विनियमावली**उपर नेपाल सरकारद्वारा मिति २०८१/०६/०६ मा स्वीकृति प्रदान गरिएको थियो । त्यस पश्चात आयोगद्वारा नेपाल सरकारमार्फत प्राप्त सल्लाह सुझाव सम्बोधन गरी आयोगको मिति २०८१/०७/०२ को बैठकबाट सो विनियमावली जारी गरी सोही मितिदेखि कार्यान्वयनमा ल्याइएको छ ।

ग) कर्मचारी प्रशासन विनियमावलीको स्वीकृति: नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८१/०९/०१ को सहमतिबमोजिम आयोगले २०८१/०९/२५ मा विद्युत् नियमन आयोग कर्मचारी प्रशासन विनियमावली, २०८१ जारी गरेको छ । यसका साथै, विनियमावली जारी भएसँगै आयोगलाई आवश्यक कर्मचारी नियुक्ति गर्न सक्ने बाटो खुल्ला भएकोले लोकसेवा आयोगसँगको समन्वयमा कर्मचारी नियुक्तिको कार्य अगाडि बढिरहेको छ ।

घ) अनलाइन डकुमेन्ट म्यानेजमेन्ट प्रणाली: विद्युत् नियमन आयोगद्वारा प्रदान गरिने सेवा जस्तै अनुमतिपत्र प्राप्त व्यक्तिहरुको शेयरको सार्वजनिक निष्कासन, विद्युत् कम्पनीको शेयर संरचना परिवर्तन, तथा विद्युत् खरिद बिक्री सम्झौतामा सहमति र संशोधनसम्बन्धी आयोगबाट हुने अन्य काम कारबाही तथा सेवा प्रवाहलाई छिटो छरितो, विश्वसनीय, सेवाग्राही तथा प्रविधि मैत्री रुपले संचालन गर्नका निमित्त Document Management System (DMS) प्रणाली कार्यान्वयनमा ल्याइएको छ ।

ङ) नियामकीय उपकरणहरुको पुनरावलोकन: आयोगद्वारा हालसम्म निर्माण भई कार्यान्वयनमा आएका विभिन्न नियामकीय उपकरणहरुको पुनरावलोकन गर्ने लक्ष्य लिएको छ। यसै सन्दर्भमा, उपभोक्ता विद्युत् महसुल निर्धारणसम्बन्धी निर्देशिका,२०७६ लाई समयसापेक्ष र समयानुकुल रुपमा परिवर्तन गर्ने कार्य भएको छ । उक्त निर्देशिकाको संशोधित मस्यौदा विज्ञ तथा सरोकारवालाको राय सुझावको लागि सार्वजनिक गरिएको छ । त्यसैगरी, विद्युत् अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त सम्बन्धी विनियमावली २०७६, विद्युत् कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति सम्बन्धी निर्देशिका, २०७८ लगायतका विनियम तथा निर्देशिकाहरु पुनरावलोकनको प्रक्रियामा रहेका छन् ।

च) उपभोक्ता महसुल दर निर्धारणमा पुनरावलोकन: बुटवल पावर कम्पनीद्वारा संचालित आँधिखोला विद्युत् वितरण केन्द्रमार्फत स्याङ्जा तथा पाल्पा जिल्लाका उपभोक्तालाई वितरण गरिने उपभोक्ता विद्युत्को महसुल ७५ प्रतिशतसम्म वृद्धि गर्नका निमित्त आयोगमा निवेदन परेपछि आयोगले साविकमा गरेको महसुल वृद्धिउपर उपभोक्ताबाट असहमति जाहेर भएपश्चात त्यसको समुचित सम्बोधन गर्ने क्रममा आयोगले सरोकारवालासंग वार्ता तथा समन्वय गरी आयोगको ३९ प्रतिशत महसुल वृद्धि सम्बन्धी तत्कालीन निर्णयलाई मिति २०८१/११/१९ मा पुनरावलोकन गरी समग्र उपभोक्ताको सरोकार तथा गुनासोलाई मध्यनजर गर्दै करिब ३० प्रतिशतले मात्र वृद्धि कायम हुने गरी परिमार्जन गरिएको छ ।

छ) विवाद समाधानसम्बन्धी विनियमावली, २०८२ जारी गरिएको: गत आर्थिक वर्षमा विद्युत् नियमन आयोगद्वारा अनुमतिपत्र प्राप्त व्यक्ति बीच र अनुमतिपत्र प्राप्त व्यक्ति तथा उपभोक्ता बीच हुने विद्युत् सम्बन्धी विवादको छिटो छरितो र न्यायसंगत रुपमा विवादको निरुपणका निमित्त आयोगबाट विवाद समाधानसम्बन्धी विनियमावली, २०८२ स्वीकृत भई मिति २०८२/१/११ देखि लागू भईसकेको अवस्था छ ।

ज) जलाशययुक्त जलविद्युत् आयोजनाहरुको विद्युत् खरिद बिक्री दर निर्धारण सम्बन्धी अवधारणा/छलफल पत्र जारी गरिएको: विद्युत् नियमन आयोगद्वारा २०८१ साल वैशाख ४ मा जलाशययुक्त जलविद्युत् आयोजनाहरुको विद्युत् खरिद बिक्री दर निर्धारण सम्बन्धी अवधारणा/छलफल पत्र सार्वजनिक गरिएको छ । साथै भण्डारणमा आधारित विद्युत् आयोजनाको विद्युत् खरिद बिक्री दरसम्बन्धी निर्देशिका हाल तर्जुमाको चरणमा रहेको छ ।

झ) खुल्ला पहुँच सम्बन्धी अवधारणा/छलफल पत्र र निर्देशिका जारी गरिएको: नेपालको विद्युत् क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धि, विद्युत् विकासमा निजी क्षेत्रको सहभागिता प्रबर्द्धन गर्न तथा उपभोक्तालाई आफ्नो सेवा प्रदायक आफै छनौट गर्न पाउने अवसर प्रदान गर्न आयोगद्वारा खुल्ला पहुँचसम्बन्धी छलफल पत्र तथा उक्त छलफलपत्रमा विभिन्न सरोकारवाला तथा विषय विज्ञको राय, सल्लाह सुझावको लागि जारी गरिएको छ । उक्त निर्देशिकामा खुल्ला पहुँच प्रयोगकर्ताको योग्यता, खुल्ला पहुँचको निवेदन बुझ्ने र स्वीकृत गर्ने निकाय, खुल्ला पहुँचको सुविधा प्राप्ति सम्बन्धी प्राथमिकता, खुल्ला पहुँच प्रयोगकर्ताका लागि दस्तुरको संरचना लगायत विषयहरु समेटिएका छन ।

ञ) आयोगका कर्मचारीको पदपूर्ति: नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय र लोकसेवा आयोगसंगको समन्वयमा विद्युत् नियमन आयोगको कर्मचारी प्रशासनसम्बन्धी विनियमावली स्वीकृत भई कर्मचारी पदपूर्तिको बाटो खुलेको छ । यसै सम्बन्धमा, लोकसेवा आयोगको सहकार्यमा मिति २०८२/१/१२ मा आयोगले तेह्र (१३) जना कर्मचारी पदपूर्तिको लागि सूचना जारी गरेको छ । यसै संगै विद्युत् नियमन आयोगलाई संस्थागत सुदृढीकरण गर्नेतर्फ अर्को महत्वपूर्ण कदम अगाडि बढेको छ ।

ट) आयोगलाई थिंक ट्यांकको रुपमा विकास गर्ने अभ्यासको थालनी: नेपालको विद्युत् क्षेत्रको एक मात्र नियामक निकायको रुपमा रहेको आयोगलाई यस विषयको थिंक ट्यांकको रुपमा समेत विकास गर्ने ध्येयले २०८२ साल बैशाखदेखि आयोगको वार्षिकोत्सवका अवसरमा **विद्युत् सुशासन** नामको स्मारिका प्रकाशन गर्न शुरुवात गरिएको छ भने आयोगमा पुस्तकालयको समेत स्थापना गरिसकिएको र क्रमश त्यसको विकास र बिस्तार गर्दै लैजाने प्रयास जारी रहेको छ ।

१.४.२ आयोगका सुधार्य पक्षहरु

आयोगको पछिल्लो आर्थिक बर्षको कार्यसम्पादनलाई मूल्याङ्कन गर्दा आयोगले सामना गर्नुपरेका विगतका चुनौतीहरुबाट देहाय बमोजिम सुधार गर्नु पर्ने पक्षहरु देखिन्छ । आर्थिक वर्ष २०८१/८२ मा विद्युत् नियमन आयोगले नीति निर्माणदेखि सेवा प्रवाह, संस्थागत सुदृढीकरण, नियामकीय उपकरणको तर्जुमा तथा उपभोक्ता तथा सरोकारवालाहरुको समन्वयका क्रममा विभिन्न चुनौतीहरू भोग्नु पर्ने अवस्था रह्यो । आयोगद्वारा सामना गर्नुपरेका चुनौती तपसिल बमोजिम विश्लेषण गरिएको छ :

क) आवश्यक जनशक्तिको अभाव तथा संस्थागत कमजोरी: आयोगले हालसम्म सम्पूर्ण काम कारबाही नेपाल सरकारमार्फत खटाइएका कर्मचारीबाट संचालन गरी रहेकोमा हालैमात्र आयोगका स्थायी कर्मचारीको भर्ना प्रक्रिया सुरुवात भएको छ । यसले गर्दा, नयाँ नियुक्त हुने कर्मचारीलाई विभिन्न अभिमुखीकरण तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्न वान्छनीय देखिएको छ । त्यसैगरी आयोगको आफ्नै कार्यालय वा भवनको स्थायी व्यवस्थापन नहुँदा आयोगको पूर्णसञ्चालन समेतमा असर परेको छ ।

ख) आयोगको काम कारबाहीमा विद्युतीय प्रणालीको अभाव: गत आर्थिक वर्षमा आयोगको नियमित कामकारबाही भौतिक रुपमा गर्नुपर्ने हुँदा सेवाग्राहीलाई सास्ती तथा आयोगको निर्णय प्रक्रियामा बढी समय लाग्ने अवस्था आएको थियो । यस सम्बन्धमा सेवाग्राहीबाट आएको व्यापक गुनासोको समाधानका लागि आयोगले कागजरहित नियमनको अवधारणा अन्तर्गत डकुमेन्ट म्यानेजमेन्ट सिस्टम विद्युतीय प्रणाली संचालनमा ल्याएको छ । आगामी दिनमा यसको थप क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

ग) उपभोक्ताको गुनासो सुनुवाई सम्बन्धी संयन्त्रको अभाव: विगतमा विद्युत् प्रणालीमा भइरहेको विद्युत् कटौती तथा बन्देजका कारण उपभोक्ता पर्न गएको असरका सम्बन्धमा अध्ययनको अभाव देखिएको छ । आयोगले विद्युत् उपभोक्ता हित संरक्षणसम्बन्धी निर्देशिका, २०८० जारी गरिए तापनि हालसम्म त्यसको प्रभावकारी कार्यान्वयन गर्न सकिएको छैन । तसर्थ भविष्यमा उपभोक्ताको गुनासोलाई छिटो छरितो सम्बोधन गर्ने हेतु उपयुक्त र सशक्त गुनासो सुनुवाई संयन्त्रको स्थापना गर्न आवश्यक अध्ययन अगाडि बढाइने छ ।

घ) नियामकीय उपकरणको प्रभावकारी कार्यान्वयनमा कमजोरी: आयोगद्वारा हालसम्म विद्युत् ग्रिड संहिता, उपभोक्ता हित संरक्षण निर्देशिका लगायतका नियामकीय उपकरणहरु जारी भए तापनि त्यसको कार्यान्वयन पाटो फितलो रहेको छ । परिणामस्वरूप यसले आयोगको नियामकीय भूमिका संकुचित र कमजोर हुँदै गएको छ । अब उपरान्त यसो हुन

नदिन आयोगले नियामकीय उपकरणको कार्यान्वयनको पाटोलाई स्पष्ट र व्यवस्थित गर्दै लैजान नीतिगत व्यवस्था गर्नुका साथै समयानुकुल पुनरावलोकन समेत गर्ने नीति लिएको छ ।

ङ) विद्युत् आयोजनाको लागत मूल्यांकन तथा प्रगति मापन सम्बन्धी स्पष्ट खाकाको अभाव: आयोगद्वारा प्रदान गरिने सेवाहरु जस्तै: विद्युत् खरिद बिक्री दर निर्धारण तथा सार्वजनिक शेयर निष्कासन लगायतको व्यवस्था विभिन्न नियामकीय उपकरणहरुमा उल्लेख भएको पाइन्छ । यद्यपि आयोजनाको प्राविधिक तथा वित्तीय जोखिम र प्रगति मापन गर्ने स्पष्ट खाकाको अभाव देखिएको छ । यसले गर्दा आयोजनाको वास्तविक प्रगति तथा वित्तीय र प्राविधिक अवस्थाका सम्बन्धमा अन्योलता छ । यसै समस्यालाई सम्बोधन गर्न आयोगद्वारा आयोजनाको लागत निर्धारण तथा प्रगति मापनका निमित्त अध्ययन तथा नियामकीय व्यवस्था मिलाइने छ ।

१.५ आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रम

आयोगले आर्थिक वर्ष २०८२/८३ को लागि कार्यान्वयन गरेको वार्षिक योजना तथा कार्यक्रमले "सर्वसुलभ, भरपर्दो तथा सुरक्षित विद्युत्को आधार, हरेक विद्युत् उपभोक्ताको अधिकार" भन्ने मूल नारालाई आत्मसात् गरी विद्युत् क्षेत्रको सशक्त नियमनका साथै उपभोक्ता हित संरक्षण, प्रतिस्पर्धात्मक विद्युत् बजारको प्रवर्द्धन र संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखेको छ । उक्त वार्षिक योजना तथा कार्यक्रम नेपालको संविधान, विद्युत् नियमन आयोग ऐन, २०७४, नेपाल सरकारको ऊर्जा विकास मार्गचित्र २०८१, सोह्रौं पञ्चवर्षीय योजना, नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को लागि निर्धारित नीति तथा कार्यक्रमहरू, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिस, विभिन्न संसदीय समितिका निर्देशनहरू र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरूमा आधारित रही तर्जुमा गरिएको छ । उल्लेखित वार्षिक योजना तथा कार्यक्रम अन्तर्गतको उद्देश्य परिपूर्ति गर्ने लक्ष्यअनुरुप आयोगले देहायबमोजिम प्राथमिकता निर्धारण गरेको छ:

क. नियामकीय व्यवस्थाको सशक्तीकरण: विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारमा सुधार, महसुल र खरिद बिक्री दर निर्धारण, प्रतिस्पर्धा प्रबर्द्धन, विवाद समाधान र अनुमतिपत्र प्राप्त व्यक्तिको क्षमता अभिवृद्धि ।

ख. आयोगको संस्थागत सुदृढीकरण: डकुमेन्ट म्यानेजमेन्ट सिस्टमको क्षमता अभिवृद्धि, कर्मचारी पदपूर्ति, स्थायी कार्यालय स्थापना, आन्तरिक प्रणाली सुधार र रणनीतिक संस्थागत योजना तर्जुमा ।



वार्षिक योजना तथा कार्यक्रमको कार्यान्वयन र अपेक्षित परिणाम

आयोगले आ.व. २०८२/८३ को वार्षिक कार्यक्रमअन्तर्गत विद्युत् क्षेत्रमा मुख्यतः नियामकीय सुधार, संस्थागत सुदृढीकरण, उपभोक्ता हित संरक्षण र प्रतिस्पर्धात्मक बजार प्रवर्द्धनलाई प्राथमिकता दिएको छ। यी कदमहरूले विद्युत् नियमन आयोग ऐन, २०७४ को मर्मअनुसार विद्युत् प्रणालीलाई सर्वसुलभ, भरपर्दो, सुरक्षित र प्रतिस्पर्धात्मक बनाई उपभोक्ता अधिकार सुनिश्चित गर्नमा आवश्यक सहयोग पुग्ने अपेक्षा लिईएको छ । आयोगले नेपाल सरकार, विकास साझेदार, विद्युत् उत्पादक तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूसँग सहकार्य र समन्वय गरी उल्लेखित योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध रहेको छ ।

२ नेपालको विद्युत् क्षेत्र

२.१ उत्पादन

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म आइपुग्दा नेपालमा कुल विद्युत्को जडित क्षमता ३,५९१ (तीन हजार पाँच सय एकानब्बे) मेगावाट पुग्दा उल्लेखित आर्थिक वर्षभित्र मात्रै करिब ४३४ (चार सय चौतिस) मेगावाट विद्युत् राष्ट्रिय ग्रिडमा समायोजन भएको तथ्य नेपाल विद्युत् प्राधिकरणको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ । विभिन्न ऊर्जा स्रोतहरूबाट उत्पादित र राष्ट्रिय विद्युत् प्रणालीमा एकीकृत भएको विद्युत् उत्पादनको परिदृश्य निम्नानुसार रहेको छ :

तालिका १ नेपालमा प्रणाली सञ्चालनको अवस्था

विद्युत् उत्पादन (आ.व. २०८१/८२ आषाढ मसान्तसम्म)	क्षमता (किलोवाट)
मुख्य ज.वि.आ. (ने.वि.प्रा.) - ग्रिड जडित	५,७८,६२४
कुल साना ज.वि.आ. (ने.वि.प्रा.) - आइसोलेटेड	४,५३६
कुल ज.वि.आ. (ने.वि.प्रा.)	**५,८३,१६०**
कुल ज.वि.आ. (ने.वि.प्रा. सहायक)	**६,४६,४००**
कुल ज.वि.आ. (स्वतन्त्र ऊर्जा उत्पादकहरु)	**२१,६०,३५२**
कुल ज.वि.आ. (नेपाल)	३३,८९,९१२
कुल थर्मल (ने.वि.प्रा.)	५३,४१०
कुल सोलार	**१,४१,९४०**
कुल सोलार (स्वतन्त्र ऊर्जा उत्पादकहरु)	१,१६,९४०
कुल सोलार (ने.वि.प्रा.)	२५,०००
कुल सहउत्पादन (स्वतन्त्र ऊर्जा उत्पादकहरु)	६,०००
कुल जडित क्षमता - ग्रिड जडित	३५,८६,७२६
कुल जडित क्षमता	**३५,९१,२६२**

आ.व. २०८१/८२ मा ने.वि.प्रा.को प्रणालीमा कुल १५,६४१ गिगावाट-घण्टा विद्युत्को परिमाण उपलब्ध रहेको थियो । उक्त परिमाण मध्ये ने.वि.प्रा.का आफ्ना आयोजना र सहायक कम्पनीहरुका आयोजनाबाट उत्पादित विद्युत्को परिमाण ३४ प्रतिशत, स्वतन्त्र ऊर्जा उत्पादकहरूबाट खरिद गरिएको विद्युत्को परिमाण ५५ प्रतिशत तथा भारतबाट आयातित विद्युत्को परिमाण करिब ११ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा आन्तरिक विद्युत् उत्पादन उल्लेखनीय रुपमा वृद्धि भई आयातित विद्युत् परिमाण भने घटेको परिदृष्य देखिएको छ ।

चित्र १ उर्जा आपूर्ति (गिगावाट-घण्टा : आ.व. २०८१/८२)



तालिका २ उपलब्ध विद्युत्को स्रोत

विवरण	आ.व. २०८०/८१		आ.व. २०८१/८२	
	ऊर्जा आपुर्ति (गिगावाट-घण्टा)	प्रतिशत (%)	ऊर्जा आपुर्ति (गिगावाट-घण्टा)	प्रतिशत (%)
ने.वि.प्रा.तथा सहायक कम्पनीहरुका आयोजनाहरू	५,५०८.००	३९.४३	५,३१७.९४	३४.००
स्वतन्त्र ऊर्जा उत्पादकहरूबाट खरिद	६,५६४.००	४७.००	८,६०२.००	५५.००
भारतबाट आयात	१,८९५.००	१३.५७	१,७२०.००	११.००
जम्मा	**१३,९६७.००**		**१५,६४१.००**	

स्रोतः नेपाल विद्युत् प्राधिकरणको वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२)

त्यसै गरी, सञ्चालनमा रहेका आयोजनाका अतिरिक्त आ.व. २०८०/८१ को अन्त्यसम्म कुल ९,९५४.५० मेगावाटका २८८ आयोजनाले निर्माण/उत्पादन अनुमतिपत्र प्राप्त गरिसकेका छन् ।

तालिका ३ २०८१ साल आषाढ मसान्तसम्म विद्युत् अनुमतिपत्रहरुको अवस्था

विवरण	जलविद्युत्		सौर्य विद्युत्		सहउत्पादन		वायु		थर्मल		कुल संख्या	क्षमता (मे.वा.)
	संख्या	क्षमता (मे.वा.)	संख्या	क्षमता (मे.वा.)	संख्या	क्षमता (मे.वा.)	संख्या	क्षमता (मे.वा.)	संख्या	क्षमता (मे.वा.)		
सञ्चालनमा रहेका आयोजना	१९३	३४०२.९६	२५	१४१.७४	२	६	-	-	२	५३.४१	२२२	३,६०४.११
निर्माण अनुमतिपत्र	२८५	१०८५८.३९	१२	८४.४०	१	३	-	-	-	-	२९८	१०,९४५.७९
सर्वेक्षण अनुमतिपत्र (निर्माण अनुमतिपत्र प्राप्तिको लागि दिइएका निवेदन समेत)	२५०	२०,०६४.१३	९८	२०९४.६९	१	१५	५	२५	-	-	३५४	२२,१९८.८२
सर्वेक्षण अनुमतिपत्रको लागि परेको निवेदन	१६२	५,५०२.२४	६	२७	-	-	-	-	-	-	१६८	५५२९.२४
जम्मा	**८९०**	**३९,८२७.७२**	**१४१**	**२,३४७.८३**	४	२४	५	२५	२	५३.४१	१,०४२	४२,२७७.९६

स्रोतः विद्युत् विकास विभागको वेबसाइट (२०८२ भदौ १३ सम्मको)

२.२ प्रसारण

हाल विद्युत्को प्रसारण सम्बन्धी संरचनाको योजना, निर्माण तथा सञ्चालनको जिम्मेवारी ने.वि.प्रा.ले बहन गर्दै आएको छ। ने.वि.प्रा. वार्षिक प्रतिवेदनअनुसार आ.व. २०८१/८२ मा २५२ सर्किट कि.मि. प्रसारण लाइन विस्तार गर्न सकेको छ। गत आ.व. ६,५०८ सर्किट कि.मि. प्रसारण लाइन निर्माण भएकोमा यस आ.व.मा ६,७६० कि.मि. सम्म लम्बाई विस्तार भएको छ । वर्तमान अवस्थामा नेपालको प्रसारण लाइनको स्थिति देहाय बमोजिम रहेको छ :

तालिका ४ नेपालमा प्रसारण लाइनको वर्तमान अवस्था

प्रसारण लाइन	आ.व.२०८०/८१ (सर्किट कि.मि.)	आ.व.२०८१/८२ (सर्किट कि.मि.)	कुल वृद्धी (सर्किट कि.मि.)
४०० के.भी.	६४४	७८७	१४३
२२० के.भी.	१,२१३	१,२६६	५३
१३२ के.भी.	४,१३६	४,१९३	५७
६६ के.भी.	५१४	५१४	–
कुल लम्बाई	**६५०७**	**६,७६०**	**२५२**

स्रोतः ने.वि.प्रा.को आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन



स्रोतः ने.वि.प्रा.को आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन

प्रसारण लाइनसँगै सबस्टेसन निर्माणको सन्दर्भमा पनि नेपालले प्रगति हासिल गर्दै सुधारोन्मुख अवस्था कायम गरेको छ। नेपालमा प्रसारण सबस्टेसनको वर्तमान अवस्था निम्नानुसार छ :

तालिका ५ नेपालमा प्रसारण सबस्टेसनको अवस्था

क्र. सं.	भोल्टेज रेटिङ्ग (के. भि.)	ट्रान्सफर्मर संख्या	कुल क्षमता (एम. भि. ए.) (आ. व. २०८०/८१)	कुल क्षमता (एम.भि.ए.) (आ. व. २०८१/८२)	गएको आ. व. को तुलनामा कुल वृद्धि(एम. भि. ए.)
१	४००/२२०	९	२३९०	२३९०	०
२	२२०/१३२	५२	३८७०	४३५०	४८०
३	२२०/३३	४	१८६	१८६	०
४	१३२/६६	१३	६३५	८३५	२००
५	१३२/३३	८९	३५३२	३७२९	१९७
६	१३२/११	३१	८३५	९९३	१५८
७	६६/३३	३	७०	६०	(१०)
८	६६/११	३४	७८०	७९६	१७
९	३३/११	५४	७५२	७८४	३२

स्रोतः ने.वि.प्रा.को आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन

२.३ प्रणाली सञ्चालन

नेपालको समग्र विद्युतीय प्रणालीको सञ्चालनको दायित्व नेपाल विद्युत् प्राधिकरण अन्तर्गतको प्रणाली सञ्चालन विभाग (एयधभच क्थकतभ्क इउभचबतष्यल म्भउबचतकभलत) ले निर्वाह गर्दै आएको छ । प्रणाली सञ्चालनको सम्बन्धमा विगतका वर्षहरूको तुलनात्मक अवस्था निम्नानुसार रहेको छ :

तालिका ६ नेपालमा प्रणाली सञ्चालनको अवस्था

आ. व.	राष्ट्रिय पिक डिमाण्ड (मे.वा.)	कुल पिक डिमाण्ड (मे.वा.)	आंशिक प्रणाली ट्रीप (Partial System Trips)	आंशिक प्रणाली ट्रीपको कुल अवधि (Cumulative Duration of System Trips)
२०७६/७७	१,४०८.००	-	४१	-
२०७७/७८	१,४८२.००	-	४०	-
२०७८/७९	१,७४८.००	१,९६४.००	४४	-
२०७९/८०	१,८७०.००	१,९८६.००	७२	७ घण्टा ४८ मिनेट
२०८०/८१	२,२१२.००	२,४६७.००	६६	७ घण्टा ३८ मिनेट
२०८१/८२	२,४०९.००	२,९०१.००	७१	८ घण्टा ११ मिनेट

स्रोत: ने.वि.प्रा.को आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन

२.४ वितरण तथा खपत

विद्युत् वितरण क्षेत्रमा नेपाल विद्युत् प्राधिकरण र बुटवल पावर कम्पनी लिमिटेड (बि.पि.सी.) ले विद्युत् ऐन, २०४९ बमोजिम वितरण अनुमतिपत्र प्राप्त गरी वितरण सेवा प्रदान गरिरहेका छन । नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको संस्था ने.वि.प्रा.ले देशव्यापी विद्युत् उत्पादन, प्रसारण र वितरणलाई प्रभावकारी, विश्वसनीय र सर्वसुलभ बनाउँदै कुल ५७.१० लाख उपभोक्तालाई सेवा प्रवाह गरिरहेको छ जुन आ.व. २०८०/८१ को तुलनामा ४.६ प्रतिशत वृद्धि हो । त्यसै गरी, बि.पि.सी.ले स्याङ्जा, पाल्पा, प्युठान र अर्घाखाँचीका केही क्षेत्रमा करिब ६२ हजार उपभोक्तालाई आफ्नो वितरण प्रणालीमार्फत विद्युत् सेवा प्रदान गरिरहेको छ । नेपाल विद्युत् प्राधिकरणको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार नेपालको विद्युत् वितरण क्षेत्रको परिदृश्य निम्नानुसार छ:

तालिका ७ नेपालको विद्युत् वितरण क्षेत्रको परिदृश्य

आ. व.	उपभोक्ता संख्या		विद्युत् विक्रीको परिमाण (गिगावाट-घण्टा)		वितरण तथा प्रसारण क्षति (%)	
	ने.वि.प्रा.	बि.पि.सी.	ने.वि.प्रा.	बि.पि.सी.	ने.वि.प्रा.	बि.पि.सी.
२०७६/७७	४,२१८,५४२	५८,०९१	६,५२५.००	३८.८३	१५.२७	१५.६४
२०७७/७८	४,५२९,२८९	५९,९८८	७,३१३.००	४२.५३	१७.१८	१६.५९
२०७८/७९	४,७६६,०२१	६१,५५८	९,३३६.००	४६.७७	१५.३८	१६.८५
२०७९/८०	५,१३४,०५८	६२,६६९	१०,६९३.००	४७.०३	१३.४६	१५.०३
२०८०/८१	५,४५९,२७५	६३,०९५	१२,१६५.००	४३.१९	१२.७३	१४.४४
२०८१/८२	५७,०७,५२८	६३,७९३[1]	११,२८८.००		१०.३९	

[1] बुटवल पावर कम्पनी लि.को आ.व.२०२३/२४ को वार्षिक प्रतिवेदन

२.५ विद्युत् व्यापार तथा निर्यात

नेपालमा विद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत् ने.वि.प्रा.ले खरिद गर्दछ । नेपालमा व्यावसायिक रुपमा उत्पादित विद्युत् खरिद गर्ने एकल अख्तियारी ने.वि.प्रा.लाई प्राप्त भएको मान्न सकिन्छ । यसको अलावा पनि नेपाल सरकार (मन्त्रिपरिषद्) द्वारा देशभित्र तथा सीमापार विद्युत् व्यापार गर्ने प्रयोजनको लागि इजाजतपत्र प्रदान गरी सञ्चालनको लागि मार्गप्रशस्त गर्दै २०७३ सालमा नेपाल विद्युत् व्यापार कम्पनी लिमिटेडको स्थापना गरिएको थियो । ने.वि.प्रा.ले नेपाल विद्युत् व्यापार कम्पनी लिमिटेड मार्फत् देशभित्र तथा बाहिर विद्युत् व्यापार गर्ने योजना राखेको छ । नेपाल सरकारबाट मिति २०७८ पौष ९ मा विद्युत् व्यापार गर्ने स्वीकृति पाए पनि यो पूर्णरुपमा सञ्चालनमा आउन पाएको छैन ।

ने.वि.प्रा.को आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा क्रमश: नेपालले भारतलाई १,९४३ र २,३८० गिगावाट-घण्टा विद्युत् निर्यात गरेको थियो । विद्युत् निर्यातको विस्तृत विवरण देहायबमोजिम रहेको छ :



तालिका ८ नेपालका विद्युत् निर्यातको विस्तृत विवरण

वर्ष	श्रावण	भाद्र	आश्विन	कार्तिक	मङ्सिर	पौष	माघ	फाल्गुन	चैत्र	बैशाख	जेष्ठ	अषाढ	जम्मा
२०८१/८२	४९७	५५२	३५८	२८९	६६	०	०	०	१	०	७८	४८७	२,३३१
२०८०/८१	२५६	३०५	४१८	३८०	११४	०	०	०	०	०	६८	४०१	१,९४३
२०७९/८०	२५२	२५६	२८१	२०२	८८	०	०	०	०	०	२४	२३०	१,३३३
२०७८/७९	३	३८	८१	३३	२८	०	०	०	०	०	७०	२४०	४९४

त्यसै गरी आ.व. २०८०/८१ मा १९४३ गिगावाट-घण्टा विद्युत् निर्यात गरेकोमा यस आ.व. २०८१/८२ मा २,३३१ गिगावाट-घण्टा निर्यात गर्न सफल भएको छ ।

विद्युत् आयातको विस्तृत विवरण देहायबमोजिम रहेको छ:



तालिका ९ नेपालका विद्युत् आयातको विस्तृत विवरण

वर्ष	श्रावण	भाद्र	आश्विन	कार्तिक	मङ्सिर	पौष	माघ	फाल्गुन	चैत्र	बैशाख	जेष्ठ	अषाढ	जम्मा
२०८१/८२	०	२	३	०	२९	१७२	२९५	३५७	३६२	३५४	१२३	१०	१,७११
२०८०/८१	१०	१	१	०	२६	१६३	३२४	३९५	३४९	३५७	१८८	१९	१,८३४
२०७९/८०	२५	२१	६	१	१९	२०३	३११	३१८	३३६	३९६	१८४	३५	१,८५५
२०७८/७९	९२	१४	५	०	२१	१८३	२८१	३२७	२५१	२३०	८७	५१	१,५४३

आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल विद्युत् आयातभन्दा निर्यात उल्लेखनीय रूपमा उच्च रहेकोले विद्युत् व्यापार र निर्यातको दृष्टिकोणले यो वर्ष उल्लेख्य र अर्थपूर्ण सावित भएको छ। विगत तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा विद्युत् आयात निरन्तर घट्दो क्रममा रहेको छ।

३ आ.व. २०८१/०८२ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू र आयोजना गरेका कार्यक्रमहरू

आ.व. २०८१/०८२ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू र आयोजना गरेका कार्यक्रमहरू निम्नानुसार रहेका छन् र ती कार्यक्रमहरुमा खिचिएका तस्विरहरु अनुसूची-२ मा रहेका छन् ।

३.१ स्वीकृति/पूर्वस्वीकृति/सहमति सम्बन्धमा निर्णय

आ.व. २०८१/०८२ मा आयोगद्वारा विद्युत् कम्पनीका विभिन्न एक सय छैस्ठी (१६६) वटा निवेदनउपर कारबाही गरी स्वीकृति, पूर्वस्वीकृति तथा सहमति सम्बन्धी निर्णय गरिएको छ ।

तालिका १० आ.व. २०८१/०८२ मा आयोगले गरेका कार्यसम्पादन सम्बन्धी मुख्य उपलब्धिहरू

क्र.सं.	व्यहोरा	आ.व. २०८१/८२ मा निर्णय भएको सङ्ख्या
१	प्राथमिक तथा हकप्रद शेयर निष्कासनको पूर्वस्वीकृति	३४
२	विद्युत् कम्पनीको शेयर संरचना परिवर्तनमा स्वीकृति	२५
३	विद्युत् कम्पनीको विद्युत् खरिद बिक्री दरको निर्धारण तथा विद्युत् सम्झौतामा सहमति	३८
४	विद्युत् कम्पनीको विद्युत् खरिद सम्झौताको संशोधनमा सहमति	३२
५	विद्युत् कम्पनीको स्वामित्व हस्तान्तरण, आयोजना प्राप्ति र ग्रहण उपरको सहमति	२
६	विद्युत् कम्पनीको शेयर खरिद बिक्रीको सहमति	३५
जम्मा		**१६६**

३.२ आ.व. २०८१/८२ का लागि विद्युत् उपभोक्ता महसुल दर सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम तथा कारबाही

आ.व. २०८१/८२ मा विद्युत् उपभोक्ता महसुल दर सम्बन्धी सार्वजनिक सुनुवाईका सम्बन्धमा कुनै कार्यक्रम सञ्चालन नभएको ।

३.३ अनुगमन सम्बन्धी कार्यहरु

विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १७ ले निर्दिष्ट गरेको जांचबुझ तथा निरीक्षण गर्ने अधिकार एवम् जिम्मेवारी बमोजिम आ.व. २०८१/८२ मा निम्न आयोजनाहरुको स्थलगत अनुगमन गरेको थियो ।

क्र. सं.	मिति	जिल्ला	अनुगमनको विवरण	सहभागीको नाम
१	२०८१/६/१६ -२०८१/७/४	बझाङ्ग, मुगु बाग्लुङ	विद्युत वितरण प्रणाली, उपभोक्ता महसुल र सेवा निरिक्षण	सदस्य डा. झमक प्रसाद शर्मा
२	२०८१/६/२९ - २०८१/७/३	कास्की,स्याङजा	विद्युतिकरण बजार अवलोकन	सि.डि.इ.श्री नूतन प्रकाश शर्मा
३	२०८१/७/८ -२०८१/७/१०	मकवानपुर	कुलेखानी जलाशययुक्त ज.वि.आ. स्थलगत निरिक्षण	सि.डि.इ.श्री हरि बहादुर खत्री
४	२०८१/७/२८-२०८१/८/२	कास्की,स्याङजा	सौर्य आयोजनाको निरिक्षण नेपाल सोलार फर्म आयोजना स्थित तथा आँधी खोला वितरण केन्द्र अनुगमन	सि.डि.इ.श्री हरि बहादुर खत्री इन्जिनियर श्री विशाल श्रेष्ठ इन्जिनियर श्री सन्दिप न्यौपाने
५	२०८१/७/२९ -२०८१/८/१	स्याङजा	बुटवल पावर कम्पनीको स्थलगत अनुगमन	डा. राम प्रसाद धिताल
६	२०८१/८/२ - २०८१/८/८	दार्चुला	माथिल्लो चमेली हाइड्रो इलेक्ट्रिक प्रोजेक्टको अनुगमन	सदस्य श्री गौतम डंगोल
७	२०८१/८/११-२०८१/८/१४	धनुषा, महोत्तरी	ढल्केबर सवस्टेशन निरिक्षण	सि.डि.इ. श्री नूतन प्रकाश शर्मा
८	२०८१/८/१५-२०८१/८/१८	मकवानपुर	हेटौडा स्थित विद्युत वितरण प्रणाली निरिक्षण	इन्जिनिय श्री सुरेश श्रेष्ठ

९	२०८१/९/१९-२०८१/९/२५	पर्वत	तल्लो मोदी जलविद्युत आयोजना निरिक्षण अनुगमन	सि.डि.इ.श्री नूतन प्रकाश शर्मा
१०	२०८१/९/२७-२०८१/१०/११	USA	नियामकिय क्षमता अभिवृद्धि सम्बन्धी तालिम	सदस्य श्री गौतम डंगोल, मधुसुधन अधिकारी, झमक प्रसाद शर्मा, सचिव मनदेवी श्रेष्ठ
११	२०८१/११/२१- २०८१/११/२५	कास्की, पोखरा	जाँचवुझ तथा निरिक्षण	इन्जिनियर श्री सन्दिप न्यौपाने
१२	२०८१/११/२३- २०८१/११/२५	उत्तर प्रदेश, भारत	SAFIR Annual Conference	अध्यक्ष डा. राम प्रसाद धिताल
१३	२०८१/१२/३-२०८१/१२/१०	जर्मनी	BETD कार्यक्रममा भाग लिन	अध्यक्ष डा. राम प्रसाद धिताल
१४	२०८१/१२/१९-२०८१/१२/२५	सोलुखुम्बु	सालुखुम्बु हाइड्रोपावर प्रोजेक्ट अवलोकन	सदस्य श्री गौतम डंगोल
१५	२०८२/२/२-२०८२/२/८	म्याग्दी	निलगिरि जलविद्युत आयोजना अवलोकन	सचिव श्री मन देवी श्रेष्ठ सि.डि.इ.श्री हरि वहादुर खत्री
१६	२०८२/२/२२-२०८२/२/२८	इलाम	अपर पुवाँ १ साना जलविद्युत आयोजना अनुगमन	सदस्य श्री गौतम डंगोल
१७	२०८२/३/२-२०८२/३/८	मोरङ्ग	ने.वि.प्र.प्रादेशिक कार्यालय विराटनगरको अनुगमन तथा तथ्याङ संकलन	इन्जिनियर श्री सुरेश श्रेष्ठ
१८	२०८२/३/२२-२०८२/३/२८	पर्सा	तराइ सोलार जिरा भवानी सेहवा पि.भि. आयोजना अवलोकन	सदस्य श्री गौतम डंगोल

३.४ आयोगको कार्यसञ्चालनको छैठौं वार्षिकोत्सव सम्बन्धी कार्यक्रम

आयोग स्थापनाको सातौं वार्षिकोत्सवका अवसरमा विद्युत् विकास विभागको सभाहलमा वार्षिक कार्यक्रम भव्यतापूर्वक सम्पन्न गरिएको थियो । सो अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका माननीय मन्त्रीज्यू द्वारा प्रमुख आतिथ्य ग्रहण गर्नु भएको थियो । त्यस अतिरिक्त आयोगका पूर्व पदाधिकारी, नेपाल सरकारका पूर्व सचिवहरू, मन्त्रालयका सचिव एवं सहसचिवहरू, साथै आयोगका पदाधिकारी तथा कर्मचारीहरू लगायत सरोकारवालाहरु समेतको गरिमामय उपस्थिति रहेको थियो। यस कार्यक्रमले आयोगको निरन्तर योगदान, उपलब्धि तथा भावी कार्ययोजनाबारे सरोकारवाला पक्षहरूलाई एकै स्थानमा जोड्ने महत्वपूर्ण अवसर प्रदान गरेको थियो।

वार्षिकोत्सवको अवसरमा आयोगद्वारा "विद्युत् सुशासन" शीर्षकको वार्षिक प्रकाशनको औपचारिक शुभारम्भ गरिएको छ । उक्त प्रकाशनमार्फत विद्युत् क्षेत्रमा सुशासन, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गर्ने आयोगको प्रतिबद्धता पुनः उजागर भएको छ । कार्यक्रममा व्यक्त गरिएका शुभकामना, सल्लाह र सुझावहरूले आयोगलाई आफ्नो कानूनी दायित्व, नियामक कर्तव्य तथा संस्थागत जिम्मेवारी निर्वाह गर्ने विषयमा थप प्रेरणा र ऊर्जा प्रदान गरेको छ, जसले आगामी दिनमा आयोगलाई अझ सुदृढ, प्रभावकारी र जनहितमुखी ढंगले अघि बढ्न मार्गदर्शन गर्नेछ ।

३.५ आयोगद्वारा आयोजना गरिएका अन्य कार्यक्रमहरु

क्र. सं.	मिति	कार्यक्रमको विवरण
१	२०८१/०९/२४	डकुमेन्ट म्यानेज्मेन्ट प्रणाली शुभारम्भ तथा प्रत्यक्ष प्रर्दशन कार्यक्रम
२	२०८१/१०/११	डकुमेन्ट म्यानेज्मेन्ट प्रणाली सम्बन्धी अन्तरक्रिया कार्यक्रम
३	२०८२/०१/२१ र २२	खुल्ला पहुँच सम्बन्धी आवसीय कार्यक्रम

४ आ.व. २०८१/०८२ मा भएको आयोगको आय व्ययको विवरण

४.१ आयोगको कोष

विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ द्वारा निर्देशित प्रावधानबमोजिम २०७६/०१/२५ मा स्थापना भएको यस आयोगको कोषमा निम्न शीर्षकबाट प्राप्त रकम रहन सक्नेछ :

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) कुनै व्यक्ति वा संघसंस्थाबाट प्राप्त रकम,
(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,
(घ) विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,
(ङ) विद्युत व्यापार गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत व्यापारबाट गरेको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,
(च) राष्ट्रिय ग्रिड प्रयोग गरी विद्युत निकासी गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ्ग चार्ज) को एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,
(छ) ऐनको दफा २० बमोजिम प्राप्त सेवा शुल्क,
(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

आयोगले उपरोक्त कोषमा जम्मा भएको रकमबाट सम्पूर्ण खर्च व्यहोर्ने गरेको छ । आयोगको आफ्नै स्रोतबाट सम्पूर्ण खर्च व्यहोरिएको सन्दर्भमा आयोग आर्थिक रुपले आत्मनिर्भर भएको छ तथा आ.व. २०७७/०७८ देखि आयोगमा नेपाल सरकारबाट बजेट विनियोजन गर्नु परेको छैन ।

४.२ आ.व. २०८१/०८२ मा आयोगको बजेट तथा खर्चको विवरण

देहाय बमोजिमको शीर्षकमा उल्लेख गरिए अनुसार नियामकीय शुल्क, अन्य दस्तुर मार्फतको आम्दानी र अघिल्लो आ.व.को सञ्चित रकम गरी आयोगको कोषमा रु. २१,७६,२६,८६४.१४/– (अक्षरूपी एक्काइस करोड छयहत्तर लाख छब्बीस हजार आठ सय चौसठ्ठी रुपैयाँ चौंध पैसा मात्र) रहेको छ । आ.व. २०८१/८२ मा आयोगमा पूँजीगत खर्चतर्फ रू.१,५५,८६,७२४.००/– (अक्षरुपी एक करोड पचपन्न लाख छयासी हजार सात सय चौबीस रुपैयाँ मात्र) तथा बेरुजु दाखिला रकम सहित चालु खर्चतर्फ रु.१०,६०,४८,५५८.५३/– (अक्षरुपी दश करोड साठी लाख अठ्चालीस हजार पाँच सय अन्ठाउन्न रुपैयाँ त्रिपन्न पैसामात्र) गरी कुल रु.१२,१६,३५,२८२.५३/– (अक्षरुपी बाह्र करोड सोह्र लाख पैंतिस हजार दुई सय बयासी रुपैयाँ त्रिपन्न पैसामात्र) खर्च भएको छ ।

आयोगको आ.व. २०८१/८२ को आय र व्ययको विष्तृत विवरण निम्नबमोजिम तालिकामा उल्लेख गरिएको छः

तालिका ११ आ.व. २०८१/०८२ मा आयोगको आम्दानी तथा खर्चको विवरण

क्र.सं.	व्यहोरा	रकम रु.	क्र.सं.	व्यहोरा	रकम रु.
१	गत आ.व.को अ.ल्या.	१४७,६६६,२९२.००	१	चालु तर्फको खर्च बेरुजु दाखिला सहित)	१०६,०४८,५५८.५३
२	गत वर्षको चेक भुक्तानी	२४३,६८३.००	२	पुँजीगत तर्फको खर्च	१५,५८६,७२४.००
	गत आर्थिक वर्षको खुद बैंक मौज्दात	१४७,४२२,६०९.००	३	बढी आम्दानी फिर्ता	१८०,०००.००
३	**चालु आ.व.को आम्दानी:**		४	अन्य खर्च	३१३,२४४.१६
४	विद्युत खरिद बिक्री वापतको आम्दानी	१२,३६६,८६५.०४	५	बैंक मौज्दात	९५,४९८,३३७.४५

५	शेयर संरचना परिवर्तन वापतको आम्दानी	३,४१०,०००.००			
६	शेयरको सार्वजनिक निष्काशन वापतको आम्दानी	२९,३००,०००.००			
७	शेयर खरिद विक्री बापत	१६,७८०,०००.००			
८	अन्य	८३,४७,३९०.१०			
	चालु आर्थिक वर्षको जम्मा:	७०,२०४,२५५.१४			
	कुल जम्मा:	२१७,६२६,८६४.१४		**कुल जम्मा:**	२१७,६२६,८६४.१४

४.३ आ.व. २०८१/८२ को वित्तीय प्रगती विवरण

आ.व. २०८१/८२ मा आयोगद्वारा सुरुको बजेट १९,५६,८७,६५० (अक्षरुपी उन्नाइस करोड छपन्न लाख सतासी हजार छ सय पचास रुपियाँ मात्र) लाई संशोधन गरी अन्तिम बजेट रु. १४,६०,४४,६५०.००/– (अक्षरुपी चौध करोड साठी लाख चौवालीस हजार छ सय पचास रुपैयाँ मात्र) कायम गरिएको थियो । उक्त विनियोजित बजेट मध्ये आयोगद्वारा रु. १२,२१,२८,५२६.६/– (अक्षरुपी बाह्र करोड एक्काइस लाख अट्ठाइस हजार पाँच सय छब्बीस रुपियाँ उनन्सत्तरी पैसा मात्र) निकासा गरी खर्च गरिएको थियो ।

आ.व. २०८१/८२ मा आयोगको वित्तीय प्रगति ८३.६२ प्रतिशत रहेको छ ।

तालिका १२ आ.व. २०८१/०८२ को वित्तीय प्रगति विवरण

क्र.सं.	विवरण	रकम (रु.)
१	कुल बजेट	१९,५६,८७,६५०.००
२	संशोधित अन्तिम बजेट	१४,६०,४४,६५०.००
३	जम्मा खर्च	१२,२१,२८,५२६.६९
	प्रगति प्रतिशत	**८३.६२ प्रतिशत**

तालिका १३ आ.व. २०८१/०८२ मा आयोगको खर्चको विवरण

शीर्षकको नाम	आ.व. २०८१/८२ को शुरु बजेट			आ.व. २०८१/८२ को संशोधित बजेट			आ.व. २०८१/८२ को यथार्थ बजेट	
	अर्थ मन्त्रालयबाट विनियोजित रकम	आयोगको आम्दानीबाट व्यहोरिने रकम	जम्मा बजेट रकम	थप	घट	अन्तिम बजेट रकम	निकासा रकम	जम्मा खर्च रकम
पूँजीगत खर्च								
सवारी साधन		३६,५००,०००	३६,५००,०००		२५,५००,०००	११,०००,०००	१०,००७,८९९	१०,००७,८९९
मेशिनरी तथा औजार		४,१००,०००	४,१००,०००			४,१००,०००	२,६४९,१६०	२,६४९,१६०
फर्निचर तथा फिक्चर्स		२,६५०,०००	२,६५०,०००			२,६५०,०००	१,३४७,८२३	१,३४७,८२३
कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च		२,१००,०००	२,१००,०००			२,१००,०००	१,२५५,३४५	१,२५५,३४५
निर्मित भवनको संरचनागत सुधार		२,५००,०००	२,५००,०००		१,५००,०००	१,०००,०००	३२६,४९७	३२६,४९७
पूँजीगत खर्चको जम्मा		**४७,८५०,०००**	**४७,८५०,०००**		**२७,०००,०००**	**२०,८५०,०००**	**१५,५८६,७२४**	**१५,५८६,७२४**
चालुगत खर्च								
पारिश्रमिक कर्मचारी		१६,७१२,८४६	१६,७१२,८४६			१६,७१२,८४६	८,५६९,०३९	८,५६९,०३९
पारिश्रमिक पदाधिकारी		५,११९,०७२	५,११९,०७२			५,११९,०७२	४,४१६,८५३	४,४१६,८५३
कर्मचारी पोशाक		२१०,०००	२१०,०००			२१०,०००	१२०,०००	१२०,०००
औषधि उपचार खर्च		७२०,०००	७२०,०००		७२०,०००	०.००	०.००	०.००
महङ्गी भत्ता		५०४,०००	५०४,०००			५०४,०००	२६६,०००	२६६,०००
कर्मचारी बैठक भत्ता		९००,०००	९००,०००			९००,०००	८४१,०००	८४१,०००
अन्य भत्ता		६३०,०००	६३०,०००			६३०,०००	६३०,०००	६३०,०००
पदाधिकारी बैठक भत्ता		१,८००,०००	१,८००,०००		३००,०००	१,५००,०००	१,४४६,०००	१,४४६,०००

शीर्षकको नाम	आ.व. २०८१/८२ को शुरु बजेट			आ.व. २०८१/८२ को संशोधित बजेट			आ.व. २०८१/८२ को यथार्थ बजेट	
	अर्थ मन्त्रालयबाट विनियोजित रकम	आयोगको आम्दानीबाट व्यहोरिने रकम	जम्मा बजेट रकम	थप	घट	अन्तिम बजेट रकम	निकासा रकम	जम्मा खर्च रकम
पदाधिकारी अन्य सुविधा		५१८,०००	५१८,०००			५१८,०००	२७०,०००	२७०,०००
योगदानमा आधारित निवृतिभरण र उपदान		३००,०००	३००,०००			३००,०००	६६,५३२	६६,५३२
योगदानमा आधारित विमा कोष खर्च		१००,८००	१००,८००			१००,८००	५३,२००	५३,२००
पानी तथा बिजुली		१,५२४,०००	१,५२४,०००			१,५२४,०००	८३४,६४०	८३४,६४०
सञ्चार महसुल		८२८,०००	८२८,०००		३५०,०००	४७८,०००	३५८,९८३	३५८,९८३
इन्धन पदाधिकारी		२,३०२,५००	२,३०२,५००		३००,०००	२,००२,५००	१,६१९,८४०	१,६१९,८४०
इन्धन कार्यालय प्रयोजन		१,१९४,०००	१,१९४,०००			१,१९४,०००	५२३,२४६	५२३,२४६
सवारी साधन मर्मत खर्च		१,१५०,०००	१,१५०,०००			१,१५०,०००	१,१५०,०००	१,१५०,०००
बीमा तथा नवीकरण खर्च		४४५,०००	४४५,०००			४४५,०००	१३२,७९९	१३२,७९९
मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च		७००,०००	७००,०००			७००,०००	३११,०९१	३११,०९१
निर्मित सार्वजनिक सम्पतीको मर्मत सम्भार खर्च		२,५००,०००	२,५००,०००		१,५००,०००	१,०००,०००	५६३,९६०	५६३,९६०
मसलन्द तथा कार्यालय सामान		२,०००,०००	२,०००,०००			२,०००,०००	१,९८९,२९५	१,९८९,२९५
पुस्तक तथा सामाग्री खर्च		५००,०००	५००,०००			५००,०००	२५२,०८६	२५२,०८६
पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च		४,०००,०००	४,०००,०००		१,०००,०००	३,०००,०००	२,६९४,४२७	२,६९४,४२७
अन्य कार्यालय सन्चालन खर्च		३००,०००	३००,०००			३००,०००	२९७,३२९	२९७,३२९

शीर्षकको नाम	आ.व. २०८१/८२ को शुरु बजेट			आ.व. २०८१/८२ को संशोधित बजेट			आ.व. २०८१/८२ को यथार्थ बजेट	
	अर्थ मन्त्रालयबाट विनियोजित रकम	आयोगको आम्दानीबाट व्यहोरिने रकम	जम्मा बजेट रकम	थप	घट	अन्तिम बजेट रकम	निकासा रकम	जम्मा खर्च रकम
सेवा र परामर्श खर्च		५,२३०,०००	५,२३०,०००		९७३,०००	४,२३०,०००	३,२५४,९१०	३,२५४,९१०
सूचना प्रणाली तथा सफ्टवेयर सन्चालन खर्च		१,४००,०००	१,४००,०००		१,०००,०००	४००,०००	०	०
करार सेवा शुल्क		८,४८६,४३२	८,४८६,४३२			८,४८६,४३२	७,४४९,५००	७,४४९,५००
कर्मचारी तालिम खर्च		४००,०००	४००,०००			४००,०००	३३५,०९१	३३५,०९१
कार्यक्रम खर्च		१३,२५०,०००	१३,२५०,०००		५,२००,०००	८,०५०,०००	६,९०१,१८५	६,९०१,१८५
अनुगमन, मूल्यांकन खर्च		४,०००,०००	४,०००,०००		१,०००,०००	३,०००,०००	९९७,९२६	९९७,९२६
भ्रमण खर्च		९०,०००	९०,०००			९०,०००	३३,७००	३३,७००
विविध खर्च		५९,७५०,०००	५९,७५०,०००			५९,७५०,०००	५९,६६९,९२६	५९,६६९,९२६
घर भाडा		९,६००,०००	९,६००,०००		९,६००,०००	०.००	०.००	०.००
सवारी साधन तथा मेसिनरी		७००,०००	७००,०००		७००,०००	०.००	०.००	०.००
चालुगत खर्च जम्मा		**१४,७८,३७,६५०.००**	**१४,७८,३७,६५०.००**		**२,२६,४३,०००.००**	**१२,५१,९४,६५०.००**	**१०६,०४८,५५८**	**१०६,०४८,५५८**
कुल जम्मा (चालु तथा पूँजीगत खर्च)		**१९,५६,८७,६५०.००**	**१९,५६,८७,६५०.००**		**४,९६,४३,०००.००**	**१४,६०,४४,६५०.००**	**१२,१६,३५,२८२.५३**	**१२,१६,३५,२८२.५३**

५ आयोगले सामना गर्नुपरेका चुनौती तथा समस्याहरु

आयोगले आफ्नो कार्यसञ्चालनको क्रममा सामना गर्नु परेका विभिन्न चुनौती तथा समस्याहरु देहायबमोजिम रहेका छन्:

५.१ कर्मचारीको पदपूर्ति तथा विशेषज्ञ ज्ञानको अभाव

आयोगले आफ्नो दैनिक कार्यसञ्चालन हाल नेपाल सरकारबाट खटाइएका कर्मचारीहरूमार्फत गर्दै आइरहेको छ । हालैमात्र आयोगको स्थायी कर्मचारी भर्ना प्रक्रिया प्रारम्भ भएको अवस्था छ । यद्यपि विद्युत् नियमनसम्बन्धी विषय आफैमा नयाँ तथा उदियमान किसिमको हुने हुँदा आयोगले प्रारम्भिक चरणमा नयाँ नियुक्त कर्मचारीहरूमा विद्युत् नियमन र विद्युत् सुधारसम्बन्धी विशेषज्ञ ज्ञान तथा अनुभवको अभाव रहने चुनौती सामना गर्नुपर्ने देखिएको छ । यसले नियामकीय कार्य सम्पादन, नीतिगत सुधार, उपभोक्ता अधिकार तथा हित संरक्षण र प्रतिस्पर्धात्मक विद्युत् बजार प्रवर्द्धन लगायतका विषयमा जटिलता निम्त्याउने सम्भावना रहन्छ । यस किसिमको चुनौती समयमै समाधान गर्न नसके आयोगको दीर्घकालीन विश्वसनीयता र नियामकीय प्रभावकारिता प्रभावित हुन सक्ने भएकाले विशेषज्ञ तालिम र अभिमुखीकरण, ज्ञान हस्तान्तरण, संस्थागत सुदृढीकरण र विकास साझेदारहरूसँग सहकार्य गरी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

५.२ संस्थागत व्यवस्थापन तथा पूर्वाधारको कमी

त्यसैगरी आयोगले हालसम्म आफ्नै स्थायी कार्यालय स्थापना गर्न नसकेको अवस्था रहेको छ । नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको समन्वयमा विद्युत् विकास विभागको चौथो र पाँचौँ तल्ला आयोगको अस्थायी कार्यस्थलका रूपमा उपयोग गरिएको छ । तथापि निकट भविष्यमा नयाँ कर्मचारीहरूको पदस्थापना र कार्यक्षेत्र विस्तारसँगै थप संरचनाको आवश्यकता पर्ने देखिएको छ । आयोगको आफ्नै स्थायी कार्यालय भवनको अभावमा संस्थागत गतिविधिहरू पूर्ण क्षमता र प्रभावकारिताका साथ सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको छ । यस चुनौतीको समाधानका लागि शीघ्र एक स्थायी कार्यालय भवन वा उपयुक्त कार्यालय संरचना व्यवस्थापन गर्नु अपरिहार्य देखिन्छ, जसले आयोगको संस्थागत सुदृढीकरण, सेवा प्रवाहमा दक्षता र दीर्घकालीन नियामकीय स्थायित्व सुनिश्चित गर्नेछ ।

५.३ एकीकृत नियामकीय सूचना प्रणाली विकास तथा विद्युतीय प्रणालीको क्षमता विस्तार

कुनै पनि क्षेत्रको प्रभावकारी नियमनका लागि नियामक संस्थासँग सो क्षेत्र, नियमनअधीनस्थ व्यक्ति वा संस्था तथा सम्बन्धित सँस्थाका क्रियाकलापसम्बन्धी तथ्य र सूचनामा नियामकको समयानुकुल पहुँच हुनु अपरिहार्य हुन्छ । आयोगले हालै आफ्ना सेवा तथा कार्य प्रक्रियाहरूलाई सरल, पारदर्शी र सेवाग्राही-मैत्री बनाउन विद्युतीय प्रणालीको प्रयोग प्रारम्भ गरेता पनि सो प्रणालीलाई क्रमिक रूपमा सुधार गर्दै पहुँच र सहज उपयोगिता हेतु थप क्षमता विस्तारको आवश्यकता देखिन्छ । यसै सन्दर्भमा, एकीकृत नियामकीय सूचना प्रणाली विकास गरी आयोगका निर्णय, नियामकीय प्रक्रिया र नियामकीय गतिविधिहरुलाई तथ्यमा आधारित बनाउनुपर्ने अवस्था रहेको देखिन्छ । एकीकृत नियामकीय सूचना प्रणालीले आयोगका सबै नियामकीय प्रक्रिया, तथ्याङ्क र अभिलेखहरूलाई एउटै डिजिटल प्रणालीमार्फत व्यवस्थित र पहुँचयोग्य बनाउने छ । यसले विद्युत् उत्पादन, प्रसारण, वितरण अनुमति, दर निर्धारण, उपभोक्ता गुनासो, अनुमतिप्राप्त व्यक्तिको कार्यप्रदर्शन मूल्याङ्कनजस्ता विषयमा आयोगलाई आवश्यक सबै सूचना एउटै प्लेटफर्ममा उपलब्ध गराउने छ ।

५.४ उपभोक्ताको गुनासो सुनुवाई संयन्त्रको अभाव

हाल नेपालमा विद्युत् आपूर्तिको पहुँच र सेवाको दायरा (क्षेत्र) तीव्र गतिमा विस्तार भइरहेका अवस्थामा उपभोक्ताहरूको अपेक्षा, माग र असन्तुष्टि पनि विविध र जटिल बन्दै गएको छ । तर उपभोक्ताका गुनासोलाई संस्थागत रूपमा संकलन, मूल्याङ्कन र समाधान गर्ने प्रभावकारी संयन्त्र अझैसम्म स्थापना हुन सकेको छैन । परिणामस्वरुप नियामक, सेवाप्रदायक र उपभोक्ताबीच विश्वासको खाडल उत्पन्न हुने, उपभोक्ता अधिकार संरक्षण

कमजोर हुने र आयोगको नियामकीय विश्वसनीयतामा ह्रास आउने जोखिम रहन्छ। यस्तो चुनौतीलाई सम्बोधन गर्न आयोगले गुनासो सुनुवाई संयन्त्रको विकास कार्यान्वयन गर्नु अपरिहार्य भएको छ । यसले उपभोक्ताका समस्यालाई छिटो, पारदर्शी र निष्पक्ष रूपमा सम्बोधन गर्ने आधार तयार गर्नेछ ।

५.५ नियामक निकायहरुको काम कारबाहीमा दोहोरोपनाले सिर्जना गरेको चुनौती

नेपालमा विभिन्न व्यवसायिक क्षेत्रका लागि पृथक पृथक नियामक निकायहरू क्रियाशील रहेका छन । यस्ता निकायहरू बीच नियामकीय क्षेत्राधिकार र कार्यक्षेत्रको स्पष्ट सीमाङ्कन नभएको वा पर्याप्त समन्वय नहुनुका कारण कतिपय अवस्थामा एउटै विषयमा फरक-फरक निकायबाट दोहोरो निर्णय, अनुमति, स्वीकृति वा नियामकीय कारबाही हुने चुनौती देखापरेको छ । यस प्रकारको दोहोरोपनाले सेवाग्राही तथा अनुमतिपत्र प्राप्त संस्था वा कम्पनीलाई अनावश्यक प्रशासनिक बोझ सिर्जना गर्ने मात्र नभई कानुनी अस्पष्टता, प्रक्रियागत ढिलाइ र कार्यान्वयनमा असमानता समेत निम्त्याउने जोखिम रहन्छ। विशेषगरी विद्युत् क्षेत्रसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित निकायहरू जस्तै विद्युत् नियमन आयोग, धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालय बीचका कार्यक्षेत्रमा अत्यन्तै अन्तरसम्बन्ध रहेको देखिन्छ। तथापि उक्त निकायहरु बीच नियामकीय सीमा स्पष्ट नहुँदा वा दोहोरो कार्यक्षेत्र हुने हुँदा विद्युत् कम्पनीहरूको पूँजी संरचना, शेयर निष्कासन, महसुल निर्धारण वा उपभोक्ता सेवा जस्ता विषयमा दोहोरो नियमन हुने वा निर्णयमा असामञ्जस्यता आउने सम्भावना देखिन्छ। यसरी नियामक निकायहरू बीचको दोहोरोपनाले विद्युत् क्षेत्रमा लगानीकर्ताको विश्वासमा नकारात्मक असर पर्न सक्ने, उपभोक्ता अधिकार कार्यान्वयनमा अस्पष्टता हुने र समग्र नियामकीय वातावरणलाई जटिल र कम दक्ष बनाउन सक्ने भएकाले यसलाई निवारण गर्न स्पष्ट कानुनी प्रावधान, संस्थागत समन्वय र नियामकीय सहकार्य अत्यावश्यक देखिन्छ ।

६ विद्युत् क्षेत्र सुधार तथा विद्युत् सुशासनका सम्बन्धमा नेपाल सरकारसमक्ष पेश गरिएको नीतिगत सुझाव

६.१ विद्युत् क्षेत्र सुधारका सम्बन्धमा नीतिगत सुझाव

६.१.१ विद्युत् विधेयकका सम्बन्धमा

क) विद्युतीय प्रणालीमा खुल्ला पहुँच सम्बन्धमा आयोगको क्षेत्राधिकार कायम राख्नुपर्ने

तत्कालीन विद्युत् विधेयक, २०८० ले विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १४ (ञ) ले आयोगलाई प्रदान गरेको "विद्युतीय प्रणालीमा खुल्ला पहुँचको व्यवस्था गर्ने" जिम्मेवारीलाई आयोगको ऐनबाट हटाउने प्रस्ताव गरेको छ । खुल्ला पहुँच विद्युत् क्षेत्रमा प्रतिस्पर्धा वृद्धि गर्नका लागि अपरिहार्य हुन्छ । यसका साथै विद्युत्को थोक एवम् खुद्रा प्रतिस्पर्धा (Wholesale and Retail Competition) कार्यान्वयन गर्न खुल्ला पहुँचको ठुलो भूमिका रहन्छ । विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम विद्युत्को बजारलाई प्रतिस्पर्धात्मक बनाउने जिम्मेवारी आयोगलाई प्राप्त भएकोमा उक्त जिम्मेवारी पूर्ति गर्ने माध्यमको रुपमा रहने खुल्ला पहुँचको व्यवस्था एवम् नियमन गर्ने जिम्मेवारी यथावत् राख्नु पर्ने हुन्छ ।

ख) न्यूनतम लागत विस्तार कार्ययोजना कार्यान्वयन गर्ने सम्बन्धमा आयोगको भूमिका कायम राख्नु पर्ने

तत्कालीन विद्युत् विधेयक, २०८० ले विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १२ (च) ले आयोगलाई प्रदान गरेको "विद्युत् सेवाको आन्तरिक माग तथा आपूर्तिको लागि न्यूनतम लागत विस्तार कार्ययोजना बनाई कार्यान्वयन गर्ने वा गर्न लगाउने" अधिकार आयोगको ऐनबाट हटाउने प्रस्ताव गरेको छ। विद्युत्को आन्तरिक माग र आपुर्तिको लागि न्युनतम लागत विस्तार कार्ययोजना बनाई कार्यान्वयन गर्ने र गराउने अधिकार प्रत्यक्ष रुपमा विद्युत् नियमन आयोग ऐन, २०७४ को प्रस्तावनामा विद्युत्को माग र आपुर्तिमा सन्तुलन कायम गर्ने उल्लेख गरिएको छ। विद्युत्को आन्तरिक माग कति हुन्छ भन्ने प्रक्षेपण गर्ने र गराउने र त्यसै मागलाई पूर्ति गर्ने विद्युत्को उत्पादन यथाशक्य सुपथ तथा दिगो रुपमा सुनिश्चित कसरी गर्ने भन्ने अधिकार आयोगलाई नभए तात्विक फरक पार्न सक्ने गरी आयोगले विद्युत् क्षेत्रको नियमन गर्न सक्दैन । यसले आयोगलाई विद्युत्को दरमा प्रभाव पर्ने तत्वहरु (Factors) मा नियन्त्रण गर्न नसक्ने अवस्था सिर्जना गर्दछ ।

६.१.२ आयोगलाई विद्युत् प्रसारण र वितरण अनुमतिपत्र प्रदान गर्ने अधिकार दिन उपयुक्त हुने

विद्युत् सम्बन्धी व्यवसायको अनुमतिपत्र नियामक निकायले नै प्रदान गर्नु अन्तर्राष्ट्रिय प्रचलन रहेको छ। उदाहरणका लागि, भारतको विद्युत् ऐन, २००३ को दफा १४ ले भारतको केन्द्रीय विद्युत् विनियामक आयोग तथा प्रादेशिक विद्युत् विनियामक आयोगले विद्युत् प्रसारण, वितरण एवम् व्यापार अनुमतिपत्र प्रदान गर्ने व्यवस्था गरेको छ। त्यसै गरी बङ्गलादेश ऊर्जा नियमन आयोग ऐन, २००३ को दफा २२ (ग) र पाकिस्तानको विद्युतीय ऊर्जाको उत्पादन, प्रसारण तथा वितरणको नियमनसम्बन्धी ऐन, १९९७ को दफा ७ (२) (क) ले समेत सम्बन्धित देशका विद्युत् नियामक निकायहरुलाई अनुमतिपत्र प्रदान गर्ने अधिकार दिएको छ । यद्यपि नेपालमा विद्युत् नियमन आयोगलाई अनुमतिपत्र जारी गर्ने अधिकार छैन । अनुमतिपत्र जारी गर्ने अधिकार नभएको अवस्थामा आयोगले अनुमतिपत्रमा उल्लेखित आधार तथा शर्तहरु नियमन गर्न सक्दैन जसका कारण जुन ध्येयले नियामक निकायको परिकल्पना गरिएको हुन्छ त्यो पुरा हुन सक्दैन । यसका अतिरिक्त नियामकले आवश्यक परेको अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र खारेजी गर्न नसक्ने हुँदा र नियामक निकायको निर्देशिका, निर्णय एवम् आदेश पालना समेत नहुँदा नियामकले चाल्न सक्ने कदमहरु समेत सीमित रहन्छन् । तसर्थ अनुमतिपत्र प्रदान गर्न सक्ने अधिकार आयोगलाई सुम्पिन सके विद्युत् नियमन आयोगले सशक्त रुपमा विद्युत् क्षेत्रको नियमन गर्न सक्नेछ ।

६.२ विद्युत् सुशासनका सम्बन्धमा नीतिगत सुझाव

६.२.१ विद्युतीय सवारीको बढ्दो प्रयोगका सन्दर्भमा महसुल र पूर्वाधारको पर्याप्तता

नेपाल सरकारद्वारा विद्युतीय सवारीको प्रयोगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको भएता पनि सो सम्बन्धमा आवश्यक गृहकार्य र स्पष्ट तयारीको अभाव देखिन्छ। विद्यमान अवस्थामा विद्युतीय सवारीको चार्जिङ पूर्वाधार तथा त्यससँग सम्बन्धित अन्य व्यवस्था नेपाल विद्युत् प्राधिकरणमार्फत सञ्चालन हुँदै आएकोमा विद्युतीय सवारीले उपभोग गर्ने विद्युत् परिमाण उच्च हुने सम्भावना रहेकाले सो विद्युत् खपतको उचित व्यवस्थापन, त्यसअनुरूप महसुल दर निर्धारण र राष्ट्रिय प्रसारण प्रणालीमा पर्न सक्ने प्रभावका बारेमा गहन अध्ययन तथा नीतिगत स्पष्टता आवश्यक देखिन्छ । हालसम्म चार्जिङ पूर्वाधारको विस्तार, दर निर्धारणको आधार र राष्ट्रिय विद्युत् ग्रिडमा पर्न सक्ने अतिरिक्त भार व्यवस्थापनका सम्बन्धमा सम्बन्धित मन्त्रालय वा सरकारको ध्यान पर्याप्त रूपमा पुगेको देखिँदैन । यस्ता विषयलाई समयमै सम्बोधन नगरे विद्युतीय सवारीसाधनको दिगो विकास अवरुद्ध हुन सक्ने र उपभोक्ता हितसँगै विद्युत् प्रणालीमै चुनौती उत्पन्न हुन सक्ने भएकाले निकट भविष्यमा स्पष्ट नियमन र दीर्घकालीन रणनीति निर्माण गर्न अपरिहार्य देखिन्छ।

६.२.२ विद्युत् उत्पादनमा मौसमी असन्तुलनको प्रभाव र ऊर्जा सुरक्षासम्बन्धी जोखिम

नेपाल विद्युत् प्राधिकरणका अनुसार आर्थिक वर्ष २०८१/०८२ को अन्त्यसम्म नेपालको कुल जलविद्युत् उत्पादनको जडित क्षमता करिब ३,५९१ मेगावाट पुगेको छ। जसमध्ये स्वतन्त्र ऊर्जा उत्पादकहरुको योगदान करिब ५५ प्रतिशत पुगेको देखिन्छ। यद्यपि मंसिरदेखि चैत्रसम्मको हिउँदे मौसम नदीहरुमा पानीको बहाव घट्ने हुँदा अधिकांश नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनाले पर्याप्त विद्युत् उत्पादन गर्न सकेको देखिदैन । उदाहरणका लागि सुक्खायामको समयमा नेपालले वार्षिक विद्युत्को कुल मागमध्ये करिब १२ प्रतिशत विद्युत् भारतबाट आयात गर्नुपर्ने अवस्था देखिएको छ। सरकारले दीर्घकालीन ऊर्जा सुरक्षा र विद्युत्को भरपर्दो पहुँच सुनिश्चित गर्न भण्डारणमा आधारित विद्युत् आयोजनाहरुको विकास तथा निर्माण गर्ने तथा मौसमी असन्तुलनलाई नियन्त्रण तथा व्यवस्थापनका लागि ऊर्जा भण्डारण र सौर्यजस्ता अन्य ऊर्जा स्रोतहरुको विविधीकरण गर्ने नीति अवलम्बन गर्न आवश्यक देखिन्छ।

६.२.३ जलविद्युत् आयोजनामा जलवायु परिवर्तनको प्रभाव

स्वतन्त्र ऊर्जा उत्पादक तथा नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित विद्युत् केन्द्रहरूले विद्युत् उत्पादन गरी हरेक वर्ष सरकारको राजस्वमा उल्लेखनीय योगदान पुऱ्याइरहेका विदितै छ। विशेषतः आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले विद्युत् निर्यातबाट ४ अर्ब रुपैयाँभन्दा बढी खुद आम्दानी आर्जन गर्न सफल भई वैदेशिक मुद्रा सञ्चितिमा प्रत्यक्ष योगदान गरेको तथ्यांक विद्युत् प्राधिकरणको २०८१/८२ को वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ। तथापि जलवायु परिवर्तनका कारण उत्पन्न प्राकृतिक प्रकोपहरू जस्तै बाढी, पहिरो तथा असामान्य वर्षाले जलविद्युत् उत्पादन प्रणालीलाई बारम्बार प्रभावित पार्दा विद्युत् आपूर्ति श्रृंखला जोखिमपूर्ण बन्न पुगेको र यसले राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष तथा परोक्ष असर पुर्‍याएको छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका अनुसार २०८१ साल असोज १० र १२ गतेका बाढी तथा पहिरोले मात्र करिब ६५० मेगावाट क्षमताका ११ भन्दा बढी जलविद्युत् आयोजना र पाँचवटा प्रसारण प्रणाली समेत गरी ३ अर्ब रुपैयाँभन्दा बढी भौतिक क्षति पुऱ्याएको थियो। साथै, विद्युत् उत्पादन र बिक्रीमा अवरोध भई थप नोक्सानी व्यहोर्नु परेको छ। बाढी र पहिरोका कारण निर्माणाधीन आयोजना भत्किनु वा ढिलाइ हुनुले लागत खर्च उल्लेख्य रूपमा बढ्ने गरेको देखिन्छ जसले गर्दा उपभोक्ताको महसुलमा प्रत्यक्ष प्रभाव पर्ने गरेको छ। यस्तो परिस्थिति पुनरावृत्ति हुन नदिन सरकारले वातावरणीय प्रभाव मूल्यांकनलाई अझ कठोर रूपमा लागू गर्ने तथा आयोजना स्वीकृतिदेखि नियमनसम्म जलवायु जोखिम व्यवस्थापनलाई अनिवार्य प्रावधानका रूपमा समावेश गर्ने र मौसम पूर्वानुमान तथा ग्लेसियल लेक आउटबर्स्ट फ्लड सम्बन्धी पूर्वचेतावनी प्रणाली र अनुसन्धानमा पर्याप्त लगानी गर्ने नीति अवलम्बन गर्नु अपरिहार्य देखिन्छ।

६.२.४ विद्युत् प्रणालीमा खुल्ला पहुँच कार्यान्वयन गरी निजी क्षेत्रलाई विद्युत् व्यापारमा संलग्न गराउने सम्बन्धमा

विद्युत् बजारलाई प्रतिस्पर्धात्मक र दिगो बनाउन विद्युत् प्रणालीमा खुला पहुँचको कार्यान्वयन गर्नु विद्युत् सुधारका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण पाटो रहेको देखिन्छ । यसले उत्पादन प्रसारण र वितरण सम्बन्धी संरचनामा निजी क्षेत्रलाई प्रत्यक्ष संलग्न गराई विद्युत् व्यापारमा बहुआयामिक अवसर सिर्जना गर्नेछ । हालै मात्र विद्युत् नियमन आयोगद्वारा "खुला पहुँच सम्बन्धी निर्देशिका, २०८२" तयार भई जारी गर्ने चरणमा पुगेको छ जसले निजी क्षेत्रलाई विद्युत् आपूर्ति र व्यापारमा निष्पक्ष रूपमा संलग्न हुन कानुनी आधार उपलब्ध गराउनेछ । यस नियामकीय व्यवस्थाले निजी तथा सार्वजनिक दुवै पक्षलाई विद्युत्मा समान तथा समानुपातिक प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने अपेक्षा गरिएको छ। साथै यसबाट विद्युत् आपूर्तिको दक्षता बढ्नुका साथै क्षेत्रीय विद्युत् व्यापार प्रवर्द्धनमा समेत टेवा पुग्नेछ । सरकारलाई सो निर्देशिका कार्यान्वयन गर्न आवश्यक पूर्वाधार निर्माण, प्रसारण प्रणाली सुदृढीकरण र आवश्यक संयन्त्रको विकास गर्न विशेष ध्यान दिनु पर्नेछ ।

खुल्ला पहुँचले सृजना गर्ने विद्‌युत व्यापारका आयामहरु

६.२.५ विद्युत् आयोजनाहरुको विद्युत् खरिद बिक्री सम्झौता अवधि पश्चात् हुने विद्युत् खरिद बिक्रि दर निर्धारण

विद्युत् आयोजनाको प्रारम्भिक विद्युत् खरिद सम्झौताको अवधि समाप्त भएता पनि सम्बन्धित आयोजनाको इजाजतपत्र अवधि बाँकी रहँदा वा सम्पूर्ण इजाजतपत्र अवधि पूरा भई आयोजना सरकारलाई हस्तान्तरण हुने जुनसुकै अवस्थामा विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम विद्युत् दर निर्धारण गर्ने जिम्मेवारी आयोगलाई तोकिएको छ । सामान्यतया प्रारम्भिक विद्युत् खरिद सम्झौताको अवधि २५ वर्षसम्म रहने प्रचलन छ । यसउप्रान्त ती आयोजना "ब्राउनफिल्ड प्रोजेक्ट्स" को रूपमा वर्गीकृत हुन्छन । यद्यपि वर्तमान परिप्रेक्ष्यमा कतिपय आयोजनाको प्रारम्भिक सम्झौता अवधि समाप्त भइसकेको र कतिपयको समाप्त हुने चरणमा पुगेको अवस्थामा यस सम्बन्धी कुनै स्पष्ट कानूनी व्यवस्था नहुँदा समग्र विद्युत् क्षेत्र र राष्ट्रिय अर्थतन्त्रमा गम्भीर समस्या तथा अन्योल उत्पन्न हुने देखिन्छ ।

विद्युत खरिद बिक्री सम्झौता समाप्त भएका केहि आयोजना को विवरण (स्रोतः ने.वि.प्रा.)	चिलिमे जलविद्युत आयोजना (२२ मे.वा.)
	खिम्ती खोला जलविद्युत आयोजना (६० मे.वा.)
	माथिल्लो भोटेकोशी खोला जलविद्युत आयोजना (४५ मे.वा.)
	इन्द्रावती तेस्रो जलविद्युत आयोजना (७.५ मे.वा.)
	पिलुवा खोला साना जलविद्युत आयोजना (३ मे.वा.)
	चाकु खोला जलविद्युत आयोजना (३ मे.वा.)

यस प्रकारका आयोजनाको दोस्रो चरणको महसुल दर निर्धारणमार्फत दीर्घकालीन विद्युत् आपूर्ति सुनिश्चित गर्नुका साथै निजी लगानीलाई संरक्षण गर्ने कानुनी वातावरण कायम गर्नु अपरिहार्य हुन्छ । यसरी आयोजना हस्तान्तरणपश्चात् पनि सरकारलाई न्यून लागतमा भरपर्दो विद्युत् आपूर्ति गर्ने अवसर प्रदान गर्नेछ भने अर्कोतर्फ निजी क्षेत्रलाई लगानी सुरक्षित गर्ने विश्वास दिलाउनेछ । यस सम्बन्धमा आयोगले नेपाल सरकारको सहकार्यमा दर निर्धारण विधि र मापदण्डलाई स्पष्ट, पारदर्शी तथा पूर्वानुमानयोग्य बनाउनुपर्ने नै अवस्था सिर्जना भएको देखिन्छ । साथै सरकारले यी ब्राउनफिल्ड आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक प्रावधान, संरचना र नीतिगत व्यवस्था समयमै तयार गर्न अग्रसक्रियता अवलम्बन गर्नु उचित हुनेछ ।

६.२.६ नियामक तथा कानूनी सामन्जस्यता र स्पष्टता कायम गर्ने सम्बन्धमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) खण्ड (ध) को बुँदा (३) र (४) बमोजिम एक मेगावाटसम्मका जलविद्युत् आयोजना सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा गर्ने, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरिएको छ । सोही दफाको खण्ड (ध) को बुँदा (५) अनुसार स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन तथा नियमन गर्ने अधिकार समेत स्थानीय तहको क्षेत्राधिकारमा पर्ने देखिन्छ । यसैगरी जल तथा ऊर्जा आयोगद्वारा गरिने कतिपय गतिविधिहरू विद्युत् नियमन आयोगको क्षेत्राधिकारसँग आंशिक रूपमा मिल्दोजुल्दो देखिन्छ ।

तथापि विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम विद्युत् क्षेत्रको समग्र नियमन तथा व्यवस्थापन गर्ने कानूनी दायित्व विद्युत् नियमन आयोगलाई नै तोकिएको छ । यस अवस्थालाई दृष्टिगत गर्दा स्थानीय सरकार सञ्चालन ऐन, जल तथा ऊर्जा आयोग सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनहरूसँग प्रचलित विद्युत् नियमन आयोग ऐन बीच आवश्यक सामञ्जस्यता कायम गर्नु उपयुक्त र अत्यावश्यक हुने देखिन्छ । अन्यथा सम्बन्धित निकायहरूबीच अधिकारक्षेत्र सम्बन्धी द्वैधता र अन्योलता सिर्जना भई नियामकीय अस्पष्टता हुनाको साथै नियामकले गर्ने कामकारबाहीको प्रभावकारितामा नकारात्मक असर पर्ने देखिन्छ ।

६.३ विद्युत् नियमन आयोग ऐन, २०७४ तथा विद्युत् नियमन आयोग नियमावली, २०७५ मा समसामयिक सशोधनको आवश्यकताका सम्बन्धमा

६.३.१ आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति प्रक्रियाका सम्बन्धमा

प्रचलित विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिवको संयोजकत्वमा मन्त्रालयले तोकेको विद्युत् विज्ञ र मन्त्रालयका सहसचिव सदस्य रहने गरी आयोगका पदाधिकारी नियुक्ति सिफारिस समिति गठन गर्ने व्यवस्था गरेको देखिन्छ । तर आयोगका अध्यक्ष र सदस्यहरूको पदस्थापन स्तर चाहिँ क्रमशः राष्ट्रिय योजना आयोगका सदस्य सरह तथा नेपाल सरकारका विशिष्ट श्रेणी सरह हुने हुँदा जनमानसले निजहरुको नियुक्ति प्रक्रियालाई हालको सिफारिस समितिको संरचनागत पक्षका आधारमा व्यवहारिक, मर्यादाक्रममैत्री, पारदर्शी र आलोचनामुक्त भनेर महसुस गर्ने

सुनिश्चितता देखिंदैन । तसर्थ यसमा समयोचित सुधारका लागि आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिका प्रयोजनका लागि गठन गरिने सिफारिस समितिमा लोक सेवा आयोगका अध्यक्षको संयोजकत्व रहने व्यवस्था गर्नु उपयुक्त देखिन्छ । सो समितिमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव तथा एक जना विद्युत् विषयका विज्ञलाई सदस्यको रुपमा समावेश गरी मन्त्रायको प्रशासन महाशाखाका सहसचिवले सो समितिको सचिवको जिम्मेवारी वहन गर्नु व्यावहारिक, मर्यादाक्रममैत्री र न्यायोचित हुनेछ ।

उदाहरणस्वरूप प्रचलित शिक्षा ऐन अन्तर्गत शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्य चयनका प्रयोजनका लागि गठित सिफारिस समितिको संयोजक पनि लोक सेवा आयोगकै अध्यक्ष हुने व्यवस्था रहेको दृष्टान्त देखिन्छ । सोही अभ्यासलाई आदर्श मानेर विद्युत् नियमन आयोगका पदाधिकारी नियुक्तिको सन्दर्भमा समेत समान कानूनी ढाँचा अवलम्बन गर्नु सुसंगत हुनेछ । तसर्थ ऐनको दफा ७ को व्यवस्थामा समयोचित संशोधन गर्न वाञ्छनीय छ ।

६.३.२ **आयोगले नेपाल सरकार तथा अन्य सरकारी निकायहरूसँग सम्पर्क राख्ने सम्बन्धमा**

विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ४० बमोजिम आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत सम्पर्क गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्था प्रशासनिक दृष्टिले समन्वयमा सहजता ल्याउने उद्देश्य भएता पनि व्यवहारमा भने हरेक विषयमा मन्त्रालयमार्फत पत्राचार गर्नुपर्ने बाध्यताले कार्यप्रवाहमा अनावश्यक ढिलाइ, दोहोरो पत्राचार र मन्त्रालयमा अतिरिक्त कार्यभार सृजना गर्ने देखिन्छ । ऐनद्वारा स्वशासित निकायको रूपमा परिकल्पना गरिएको आयोगले नीतिगत विषयमा मन्त्रालयसँग र आफ्नो कार्यक्षेत्रभित्रका अन्य विषयहरूमा सरोकारवाला निकायहरूसँग सोझै पत्राचार र समन्वय गर्न सक्ने प्रावधान रहेको खण्डमा आयोगबाट हुने कामकारबाहीमा शीघ्रता, निर्णय कार्यान्वयनमा प्रभावकारिता र समग्र नियामक गतिविधिमा पारदर्शिता अभिवृद्धि हुने अपेक्षा गर्न सकिन्छ । यसप्रकारको व्यवस्थाले आयोगको स्वायत्तता, उत्तरदायित्व र व्यावसायिक दक्षतालाई थप सुदृढ गर्नेछ ।

तसर्थ ऐनको दफा ४० अन्तर्गतको व्यवस्थामा आवश्यक संशोधन गरी आयोगले नीतिगत विषयहरूमा मन्त्रालयमार्फत नेपाल सरकारसँग सम्पर्क राख्ने र अन्य प्राविधिक, प्रशासनिक वा कार्यान्वयन सम्बन्धी विषयहरूमा सम्बन्धित सरकारी निकायहरूसँग सोझै सम्पर्क राख्न सक्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ । यस्तो व्यवस्थाले आयोग र मन्त्रालय दुवैको कार्यक्षमता सन्तुलित राख्नुका साथै समग्र नियमन प्रणालीमा समयानुकूल सुधार ल्याउनेछ ।

६.३.३ **आयोगलाई पूर्ण नियामकीय अधिकार प्रदान गर्न प्रचलित नेपाल कानुनमा आवश्यक संशोधन गर्नुपर्ने**

वर्तमान कानुनी व्यवस्थाअनुसार विद्युत् उत्पादन, बिक्री, वितरण तथा व्यापारसम्बन्धी अनुमतिपत्र प्रदान गर्ने अधिकार नेपाल सरकारको सम्बन्धित निकायमा निहित रहेको छ । तर विद्युत् नियमन आयोग ऐन, २०७४ को भावना र नियामक स्वायत्तताको सिद्धान्तअनुसार यी अधिकारहरू आयोगमा निहित हुनु युक्तिसंगत र आवश्यक देखिन्छ । यस सन्दर्भमा, निम्न बमोजिम नेपाल कानुनमा संशोधनहरू गर्न उपयुक्त ठहरिन्छ :

(क) प्रचलित नेपाल सरकार (कार्य विभाजन नियमावली) मा आवश्यक संशोधन गरी विद्युत् उत्पादन, बिक्री, वितरण तथा व्यापारसम्बन्धी अनुमतिपत्र प्रदान गर्ने अधिकार नेपाल सरकारको सम्बन्धित निकायबाट हटाई सो अधिकार विद्युत् नियमन आयोगमा निहित गरिने व्यवस्था गर्नु पर्ने ।

(ख) विद्युत् नियमन आयोग ऐन, २०७४ को परिच्छेद ३ (आयोगका कार्य, कर्तव्य र अधिकार) अन्तर्गत "विद्युत् उत्पादन, बिक्री, वितरण र व्यापारको अनुमतिपत्र प्रदान गर्ने" कार्य स्पष्ट रूपमा थप गरी आयोगलाई उक्त अधिकार प्रयोग गर्ने पूर्ण कानुनी आधार प्रदान गर्न उचित हुने । परिणामस्वरुप, उपरोक्त संशोधनले नियामक निर्णयमा स्पष्टता ल्याउने, नीति निर्माण र कार्यान्वयन गर्ने निकाय बीचको कामकारबाहीमा दोहोरोपन हटाउने र नियामक संस्थाको स्वतन्त्रता तथा उत्तरदायित्व दुवै सुदृढ हुनेछ ।

६.३.४ आयोगलाई वित्तीय स्वायत्तता प्रदान गर्ने सम्बन्धमा

हाल विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा ३३ को उपदफा (६) ले आयोगको वित्तीय व्यवस्थापनमा नेपाल सरकारको स्वीकृति सम्बन्धी शर्तको व्यवस्था गरेको छ । त्यसैगरी विद्युत् नियमन आयोग नियमावली, २०७५ को नियम २० को उपनियम (२) को प्रतिवन्धात्मक वाक्यांशले पनि आयोगको बित्तीय स्वायत्ततालाई संकुचित बनाएको छ । यी र यस्तै अन्य कतिपय प्रावधानहरु आयोगको वित्तीय स्वतन्त्रतामा व्यावहारिक बाधक बन्न पुगेका छन् । ऐनको मौलिक उद्देश्य र अन्तर्राष्ट्रिय नियामक अभ्यासअनुसार नियामक संस्थाको प्रभावकारिता सुनिश्चित गर्न वित्तीय स्वायत्तता अपरिहार्य हुन्छ । तसर्थ, उक्त प्रावधानहरु हटाई आयोगलाई आफ्ना स्रोत, राजस्व तथा खर्च व्यवस्थापनका सम्बन्धमा पूर्ण वित्तीय स्वायत्तता प्रदान गर्ने व्यवस्था गर्न उपयुक्त देखिन्छ । यसले आयोगलाई आफ्नो नियामक कार्य निष्पक्ष, दक्ष र समयोचित रूपमा सम्पादन गर्न सक्षम बनाउनेछ ।

६.४ संस्थागत समन्वय र नियामकीय सुदृढीकरण

६.४.१ विद्युत् नियमनसम्बन्धी कार्यक्षेत्रका विषयमा उच्चस्तरीय समन्वय समिति गठनको आवश्यकता सम्बन्धमा

आयोगको नियामकीय कार्यक्षेत्रभित्र पर्ने अन्तरदेशीय विद्युत् व्यापार, विद्युत् खरिद-बिक्री सम्झौता, विद्युत् महसुल निर्धारण, विद्युत् सेवा तथा मीटरको स्तरीकरणका साथै विद्युत् आयोजना र स्थानीय तहबीचको कार्यगत समन्वय जस्ता विषयहरू स्वभावत: बहु-संस्थागत संलग्नता आवश्यक पर्ने जटिल प्रकृतिका छन् । यस्ता विषयहरूमा प्रभावकारी निर्णय कार्यान्वयन र संस्थागत सहकार्य सुनिश्चित गर्न सम्बन्धित सरकारी निकायहरूका प्रतिनिधि, विद्युत् क्षेत्रका विषय-विज्ञ तथा स्थानीय तहका जनप्रतिनिधिहरू समेत सम्मिलित आवश्यकता बमोजिमका एक वा एक भन्दा बढी संख्यामा उच्चस्तरीय सहजीकरण तथा समन्वय समितिहरु गठन गर्नु अत्यावश्यक देखिन्छ ।

यसप्रकारका समितिमार्फत अन्तरदेशीय विद्युत् व्यापार र आयोजनासम्बन्धी विषयहरूमा सरोकारवाला बीच समयानुकूल सहमति निर्माणमा टेवा पुऱ्याउने, विवाद न्यूनीकरण र नीति कार्यान्वयनमा एकीकृत दृष्टिकोण विकास गर्न मद्दत पुऱ्याउनेछ । तसर्थ आयोगको दीर्घकालीन संस्थागत कार्यक्षमता र विद्युत् तथा ऊर्जा क्षेत्रको व्यवसायिक नियमन सुनिश्चित गर्नका लागि नेपाल सरकारमार्फत सहजीकरण वा समन्वय समिति गठन गर्ने व्यवस्था ऐन वा नियमावलीमा स्पष्ट रूपमा प्रावधान गर्नु उपयुक्त देखिन्छ ।

६.४.२ विद्युत् आयोजनाको सार्वजनिक निष्काशन सम्बन्धी समन्वय संयन्त्रको आवश्यकता

आयोगले विद्युत् क्षेत्रको नियामक निकायको हैसियतमा जलविद्युत आयोजनाहरूद्वारा गरिने सार्वजनिक निष्काशन (प्रारम्भिक, हकप्रद, थप निष्काशन लगायत) सम्बन्धी प्रस्तावहरूमा पूर्वस्वीकृति प्रदान गर्दै आएको छ । आयोगबाट पूर्वस्वीकृति प्राप्त भएपछि मात्र धितोपत्र बोर्ड नेपालले निष्काशनको अन्तिम स्वीकृति प्रदान गर्ने प्रचलन रहेको छ । यद्यपि, विगतमा राजनीतिक, गैर-राजनीतिक र कानूनी जटिलताहरूका कारण विभिन्न जलविद्युत कम्पनीहरूको सार्वजनिक निष्काशन प्रक्रिया समयमै सम्पन्न हुन नसक्ने वा अत्याधिक विलम्ब हुने अवस्था देखा परेका छन । यसले पुँजी संकलनमा ढिलाइ गराउने, आयोजना निर्माणको समयसीमा प्रभावित पार्ने तथा लगानीकर्ताको विश्वासमा नकारात्मक असर पार्ने जस्ता व्यावहारिक समस्या उत्पन्न गराएको छ । उक्त समस्याको दीर्घकालीन समाधानका लागि विद्युत् नियमन आयोग, धितोपत्र बोर्ड नेपाल, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय र सम्बन्धित सरोकारवालाहरू सम्मिलित हुने गरी एक उच्चस्तरीय स्थायी समन्वय समिति गठन गर्नु अत्यावश्यक देखिन्छ । यस्तो संयन्त्र गठन भएमा सार्वजनिक निष्काशनसम्बन्धी अनुमति प्रक्रियामा स्पष्टता, समयबद्धता र पारदर्शिता कायम हुनुका साथै आयोजनाको वित्तीय प्रवाह र लगानी संरक्षण सुनिश्चित हुने अपेक्षा गर्न सकिन्छ ।

७ आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित नियामकीय क्रियाकलापहरु

आयोगद्वारा आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिने नियामकीय गतिविधिहरु देहायबमोजिम रहेका छन्:

- नेपाल विद्युत ग्रीड संहिता, २०८० को पुनरावलोकन
- शेड्युलिंग तथा डिस्प्याच सम्बन्धी निर्देशिका
- विद्युत वितरण सेवालाई व्यवस्थित गर्न वितरण संहिता
- Reactive Power तथा Ancillary Services व्यवस्थापन सम्बन्धी निर्देशिका
- खुल्ला पहुँचसम्बन्धी निर्देशिका
- विद्युत खरिद बिक्री सम्झौताको ढाँचाको पुनरावलोकन

प्राविधिक नियमनतर्फ



- विद्युत उपभोक्ताको महसुल दर निर्धारण
- जलाशय तथा भण्डारणयुक्त आयोजनाको महसुल दरसम्बन्धी अध्ययन तथा निर्धारण
- थोक विद्युत बजारको संभाव्यता अध्ययन
- प्रसारण तथा व्हिलिंग दस्तुर निर्धारण
- जलविद्युत आयोजनाहरुको वास्तविक उत्पादन लागत निर्धारणसम्बन्धी अध्ययन

आर्थिक नियमनतर्फ

- अनुमतिपत्र प्राप्त व्यक्तिहरूको कार्य क्षमता मूल्यांकनका लागि आधार तथा शर्तहरूको निर्धारण
- अनुमतिपत्र प्राप्त व्यक्ति तथा पदाधिकारीको आचार संहिता सम्बन्धी व्यवस्था
- विद्युत आयोजनाको प्रगतिका सम्बन्धमा Regulatory Audit
- दक्षिण एसियाली पूर्वाधार नियमन मञ्चको सदस्यता
- विद्यमान विनियम, निर्देशिका लगायतका नियामकीय उपकरणहरुको पुनरावलोकन
- आयोगको रणनीतिक योजना तर्जुमा तथा लागु गर्ने

कानून तथा सुशासनतर्फ

- उपभोक्ताको गुनासो सुन्ने तथा समाधान गर्ने संयन्त्र स्थापना गरिने
- विद्युत उपभोक्ता संरक्षण मञ्च गठन गरिने
- उपभोक्ता सञ्चार रणनीति लागू गर्ने
- गुनासो दर्ता, प्रक्रिया र समाधानका लागि विद्युतीय प्रणालीमार्फत सेवा प्रवाहको व्यवस्था
- सार्वजनिक सुनुवाई प्रादेशिक स्तरमा संचालन गर्ने

उपभोक्ता संरक्षणतर्फ

८ निष्कर्ष

नेपालको विद्युत् क्षेत्र हाल संरचनात्मक सुधार, सुशासन प्रवर्द्धन र नियामकीय परिपक्वताको महत्वपूर्ण सङ्कारमा पुगेको छ । विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित आयोग हाल छैठौं वर्ष पार गरी सातौं वर्षमा प्रवेश गरिसकेको छ । यस अवधिमा आयोगले सम्पन्न गरेका प्रत्येक निर्णय र कामकारबाहीले विद्युत् क्षेत्रमा दीर्घकालीन कानूनी र संस्थागत परिणाम उत्पन्न हुने देखिन्छ । विशेषतः आर्थिक वर्ष २०८१/०८२ मा आयोगले ऐन निर्दिष्ट दायित्वअनुरूप महत्वपूर्ण नियामक, नीतिगत र संस्थागत कार्य सम्पन्न गरेको तथ्य उल्लेखनीय छ । आयोगमा नयाँ नेतृत्वको आगमनसँगै पछिल्लो अवधिमा आयोगले विद्युत् क्षेत्र सुधारतर्फ केन्द्रित रही महत्वपूर्ण कार्यहरू अगाडि बढाउन सफल भएको छ ।

प्रमुखतः विद्युत् प्रणालीमा खुला पहुँच लागू गर्ने उद्देश्यले तयार पारिएको अवधारणा पत्रलाई परिपक्व गराउँदै खुला पहुँच सम्बन्धी निर्देशिका, २०८२ स्वीकृतिको अन्तिम चरणमा पुगेको छ । मौसमी असन्तुलनले विद्युत् आपूर्तिमा पार्ने प्रत्यक्ष प्रभावलाई कम गर्न ऊर्जा तथा विद्युत् भण्डारण जस्ता आयोजनाहरुको विद्युत् महसुल निर्धारणसम्बन्धी अध्ययन गरी छलफल पत्र सार्वजनिक गरिएकोमा हाल उक्त पत्रलाई नियामकीय उपकरणमा रूपान्तरण गर्ने प्रक्रिया जारी छ । साथै, विद्युत् अनुमतिपत्र प्राप्त व्यक्ति र संस्थाहरूमा संस्थागत सुशासन कायम गर्न संस्थागत सुशासन सम्बन्धी मापदण्ड, २०८२ को तर्जुमा, र विद्युत् महसुल निर्धारण सम्बन्धी निर्देशिका, २०७६ संशोधन गर्ने गृहकार्य पनि अगाडि बढाइएको छ । स्वीकृतिको चरणमा रहेका जरिवाना निर्धारण निर्देशिका, २०८२ , विद्युत् नियमन आयोगको बैठक तथा निर्णय व्यवस्थापन कार्यविधि, २०८२ र विद्युत् कम्पनीको शेयर, सम्पत्ति, स्वामित्व तथा कारोवार नियमन निर्देशिका, २०८२ पनि उल्लेखनीय छन् ।

यस अतिरिक्त आयोगले आफ्नो आन्तरिक कार्य प्रणालीलाई द्रुत, पारदर्शी र कागजरहित बनाउन अनलाइन डकुमेन्ट व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याएको छ । सँग सँगै आयोगको स्थायी कर्मचारी समेतको नियुक्तिको गतिविधि समेत अगाडि बढेको छ । पछिल्लो आर्थिक वर्षमा आयोगद्वारा विद्युत् महसुल निर्धारण, अनुमतिपत्र प्राप्त निकाय तथा सरोकारवालाबीच उत्पन्न विवादहरूको समाधान, प्रचलित कानुन र नियमावलीको पालना सुनिश्चित गर्न अनुगमन तथा सुपरिवेक्षण, कर्मचारी क्षमता अभिवृद्धि, सरोकारवाला सँगको परामर्श र सहभागितामूलक छलफल कार्यक्रमजस्ता कार्यहरू व्यवस्थित रूपमा सम्पन्न गरिएका छन । यी कार्यहरूको प्रतिफलस्वरूप विद्युत् क्षेत्रमा नियामकीय स्पष्टता र सुशासन सुदृढ भएको छ । त्यसै गरी निजी क्षेत्रको लगानी र सहभागिता प्रोत्साहन भएको तथा उपभोक्ताको अधिकार तथा हित संरक्षणमा प्रत्यक्ष योगदान पुगेको अवस्था छ ।

आगामी आर्थिक वर्ष २०८२/०८३ मा आयोगले आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत नियामकीय सुधारलाई थप सुदृढ बनाउँदै नवीकरणीय ऊर्जा स्रोतहरूको प्रणालीगत एकीकरण, जलविद्युत् आयोजना सम्बन्धी जोखिम व्यवस्थापन, क्षेत्रीय विद्युत् व्यापार प्रवर्द्धन, डिजिटल प्रविधिमार्फत नियामक प्रक्रियाको आधुनिकीकरण, उपभोक्ता गुनासो व्यवस्थापन प्रणालीको सुदृढीकरण तथा सरकारका सम्बन्धित मन्त्रालय र सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वयलाई प्राथमिकताका रूपमा अघि बढाउनेछ । यसरी आयोगले स्वतन्त्र नियामक निकायको हैसियतमा नेपालको विद्युत् क्षेत्रलाई दीर्घकालीन स्थायित्व, लचकता र दिगोपनातर्फ अग्रसर गराउने आफ्नो कानूनी भूमिकालाई निरन्तर मजबुत बनाउने अठोट लिएको छ ।

अनुसूची

अनुसूची १: विद्युत् नियमन आयोगको स्वीकृत सङ्गठनात्मक संरचना



अनुसूची २: आयोगले आयोजना गरेका कार्यक्रम तथा स्थलगत अनुगमनसंग सम्बन्धित तस्विरहरु

अन्तराष्ट्रिय जलविद्युत संघद्वारा आयोजित पम्प स्टोरेज जलविद्युत सम्मेलनसँग सम्बन्धित तस्विरहरु

चित्र-१ अन्तराष्ट्रिय जलविद्युत संघद्वारा पेरिस, फ्रान्समा आयोजित सम्मेलनलाई सम्बोधन गर्नुहुँदै माननीय अध्यक्ष डा. रामप्रसाद धिताल

चित्र-२ अन्तराष्ट्रिय जलविद्युत संघद्वारा आयोजित सम्मेलनसँग सम्बन्धित तस्बिरमा आयोगका अध्यक्षका साथमा तत्कालिन नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक

आयोग स्थापनाको छैठौँ वार्षिक कार्यक्रमसंग सम्बन्धित तस्विरहरु

चित्र ३ आयोगका माननीय अध्यक्ष, सदस्यस तथा सचिव आयोगको छैठौँ वार्षिक कार्यक्रमको समारोह

चित्र-४ आयोगका वर्तमान पदाधिकारीका साथमा कर्मचारीहरु

चित्र-५ नेपाल सरकार संघिय संसदको पूर्वाधार विकास समितिद्वारा आयोजित विद्युत विद्येयक, २०८१ सम्बन्धी अर्न्तक्रिया कार्यक्रमसँग सम्बन्धित तस्विरहरु

पियूआरसीद्वारा आयोजित नियामकिय क्षमता अभिवृद्धी सम्बन्धी कार्यक्रमसँग सम्बन्धित तस्विरहरु

चित्र ६ पियूआरसी, संयुक्त राज्य अमेरिकामा आयोजित नियामकिय क्षमता अभिवृद्धी सम्बन्धी कार्यक्रममा सहभागी आयोगका सदस्य तथा सचिवसहितको टोली

चित्र ७ पियूआरसीद्वारा आयोजित नियामकिय क्षमता अभिवृद्धी सम्बन्धी कार्यक्रमको सन्दर्भमा

चित्र ८ पियूआरसीद्वारा आयोजित नियामकिय क्षमता अभिवृद्धी सम्बन्धी कार्यक्रमको सन्दर्भमा

स्थलगत अनुगमन सम्बन्धी तस्विरहरु

चित्र ९ नेपाल सोलार फार्म आयोजना (४.४ मे.वा.), कास्कीको आयोजनास्थल

चित्र १० नेपाल सोलार फार्म आयोजना (४.४ मे.वा.), कास्कीको आयोजनास्थल